# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ८ | काठमाडौं | सोमबार, १८ वैशाख २०८० | Prabhab National Daily | Monday, May 1, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## सरकारलाई पूर्णता दिन रास्वपाको पर्खाइ





■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल सरकारलाई पूर्णता दिने तयारीमा लागेका छन् । आइतबारमात्र प्रधानमन्त्री दाहालले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का अध्यक्ष रवि लामिछानेसँग यस विषयमा छलफल गरेका हुन् । उपनिर्वाचनका कारण रोकिएको सरकार

- रास्वपाको केन्द्रीय समिति र संसदीय दलको बैठक आज बस्दै
- प्रधानमन्त्री दाहाललाई बल पुग्नेगरी रास्वपा सभापति लामिछानेको अभिव्यक्ति
- उपसभापति धनराज गुरूङलाई सरकारमा पठाउने कांग्रेसको तयारी

विस्तार चुनावी परिणामसँगै अघि बढेको हो । प्रधानमन्त्री दाहाल सरकारलाई पूर्णता दिन रास्वपाको निर्णयको पर्खाइमा रहेका छन् ।

### संसदीय दलको नेता छान्दै रास्वपा

रास्वपाले आज (सोमबार) दिउँसो संसदीय दलको नेता छान्दै छ । केन्द्रीय कार्यसमितिको बैठकलगत्तै संसदीय दलको बैठक राखेर संसदीय दलको नेता चयन गर्न लागेको हो । पार्टी उपसभापति डोलप्रसाद अर्यालले संसदीय दलको नेताबाट शनिबार राजीनामा दिएपछि रिक्त स्थान पूर्तिका लागि संसदीय दलको बैठक तय गरिएको हो ।

केन्द्रीय कार्यसमिति र संसदीय दलको बैठकबारे रास्वपाले शनिबार 'भर्चुअल' बैठक गरी जानकारी दिएको थियो । आइतबार बिहान ११ बजे केन्द्रीय समितिको बैठक र दिउँसो ३ बजे संसदीय दलको बैठक बोलाइएको पार्टी उपसभापति अर्यालले जानकारी दिए । बैठकले पार्टी सभापति रवि लामिछानेलाई संसदीय दलको नेता चयन गर्नेछ । त्यसैगरी बैठकले पछिल्लो राजनीतिक परिस्थितिबारे पार्टीको धारणा तय गर्ने बताइएको छ ।

### प्रधानमन्त्री र लामिछानेबीच भेटवार्ता

आइतबार बिहान रास्वपाका सभापति लामिछानेले प्रधानमन्त्री दाहालसँग भेटवार्ता गरेका छन् । भेटमा प्रधानमन्त्री दाहालले मिलेर जान प्रस्ताव गरेको बताइएको छ ।

सरकारबारे पार्टीका आधिकारिक धारणा बुझ्न प्रधानमन्त्रीले लामिछानेसँग भेट गरेको रास्वपाका उपसभापति डोलप्रसाद अर्यालले बताए । 'अहिलेको समसामयिक राजनीतिक विषयमा कुराकानी भयो, हाम्रो पार्टीको केन्द्रीय समिति र संसदीय दलको बैठक पनि बस्दै छ, सोही सन्दर्भमा (**बाँकी पृष्ठ २ मा**)

---

### निरू हत्या प्रकरण

# शंकाको सुई श्रीमान्‌तिर पनि !

■ जेबी योञ्जन

**काठमाडौं–** हत्या घटनापछि सुरक्षित हुन कतिपय आरोपी सीमापार भारत पुग्छन् । त्यतै लुकिछिपी बस्छन् । देशमै रहने पनि प्रहरीलाई सुराक नमिल्ने ठाउँमा बस्छन् ।

तर, कोही आरोपीचाहिँ होटलमा मस्त खाँदै बस्ने गरेको पाइएको छ । काठमाडौंको कपनस्थित सरस्वतीनगरकी निरा आचार्य पाण्डे(निरु)को हत्या आरोपी विनोद विश्वकर्मालाई प्रहरीले होटलमा मस्ती गरिरहेको अवस्थामा फेला पारेको हो । उनलाई आइतबार नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ ।

सिआइबी प्रमुखसमेत रहेकी प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) किरण बज्राचार्यका अनुसार विनोदलाई झापाको विर्तामोडस्थित इलाम बस स्टचण्ड छेउको एक होटलबाट पक्राउ गरिएको हो । 'आरोपी १४ र १५ गते त्यहाँ (विर्तामोड)को होटलमा बसेको देखिन्छ । १६ गते हामीले पक्राउ गरेर ल्यायौं,' बज्राचार्यले पत्रकार सम्मेलनमा भनिन् ।

प्रहरीले गरेको अनुसन्धानका क्रममा विनोद १२ गते साँझ र १३ गते भने इटहरीमा बसेको खुलेको छ । जहाँ उनी एक जना महिलासँग बसेको पाइएको प्रहरीको दाबी छ । उनकैमा दुई दिन बसेपछि विर्तामोड गएर होटलमा बसेको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।

निराको हत्या गरेपछि लुटेको सुन वैशाख १२ गते बिहान बिक्री गरेको बयानको क्रममा उनले खुलासा गरेको पनि एआइजी बज्राचार्यले बताइन् । 'तारकेश्वरको पाथिभरा सुनचाँदी पसलमा सुन धरौटी राखेर ५५ हजार रूपैयाँ लिएका रहेछन् । जुन सुन निराको आफन्तले पुष्टि गरिसकेका छन्,' बज्राचार्यले भनिन्, 'यसबाट पनि अनुसन्धानमा थप क्लु मिल्यो ।'

निराको हत्या यही ७ वैशाखमा भएको हो । आसपासमा भएका क्लोज सर्किट (सिसी) टिभी फुटेजको विश्लेषणका आधारमा उक्त दिन दिउँसो २:४४ बजे विनोद निराको पसलमा भाँडा किन्ने बहानामा पसेको देखिएको प्रहरीले जनाएको छ । त्यसअघि पनि भाँडा किन्न उनी सोही पसलमा गएको खुलेको छ । तर, एटिएमबाट पैसा निकाल्ने भन्दै उनी त्यहाँदेखि बाहिरिएको पाइएको ब्रजाचार्यले बताइन् ।

जब दोस्रोपटक पसलमा गए, त्यसपछि भने निराको हत्या गरेको बयानका क्रममा विनोदले भनेको सिआइबीकै प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दिनेश आचार्यले बताए । निराको शरीरको विभिन्न ठाउँमा १९ पटकसम्म चक्कु प्रहार भएको शव परीक्षण प्रतिवेदनले देखाएको उनको भनाइ छ ।

एसएसपी आचार्यका अनुसार विनोद निराको हत्या भएको दिन वैशाख ७ गते भक्तपुरको लोकन्थलीस्थित साथीको डेराबाट ११ बजे बस चढेर चावहिलको केएल टावर पुगेका हुन् । सरस्वतीनगरमा भने दिउँसो २ बजेतिर पुगे । त्यसपछि घटना भएको हो ।

'पसलमा जाँदा ऊसँग कुनै हतियार थिएन । उसले पसलमै भएको चक्कुलाई प्रयोग गरेको देखिन्छ । शरीरका विभिन्न भागमा चक्कु प्रहार गरेर हत्या गरेपछि उसले निराले लगाएको सुनको सिक्री झिकेको र काउन्टरमा भएको अन्दाजी ११/१२ सय रूपैयाँ लिएर भागेको देखिन्छ,' आचार्यले भने ।

बयानका क्रममा विनोदले निराले लगाएको सिक्री एक तोलाको भएको पनि बताएका छन् । तर, यो घटनाको अनुसन्धानमा प्रहरीलाई निकै मुस्किल पऱ्यो । यसबारे संघीय संसद्मा कांग्रेस सांसद गगन थापाले प्रश्न उठाए । गृहमन्त्री नारायणकाजी श्रेष्ठको निर्देशनपछि प्रहरी मुख्यालय नक्सालले सिआइबी प्रमुख बज्राचार्यको नेतृत्वमा विशेष अनुसन्धान टोली गठन गऱ्यो । र, टोलीमै रहेको काठमाडौं प्रहरी परिसर मातहतको सादा पोसाकमा खटिएका प्रहरीको विशेष टोली कपन-गोपीकृष्ण हलदेखि चावहिल सडकखण्डमा जडान भएका सिसिटिभी फुटेज संकलनमा लाग्यो । उनीहरूलाई फुटेज संकलन गर्न आठ दिन लाग्यो । उक्त फुटेजमा एउटा शंकास्पद व्यक्ति देखापरे । ती व्यक्तिले मास्क लगाएको फुटेजमा देखियो । जहाँ कपनको तेञ्जिङ चोकबाट चावहिलसम्म टेम्पो प्रयोग गरेर फर्किएको पनि देखियो ।

त्यहाँबाट भने उनी जडीबुटी पुलसम्म दुईवटा 'अफ लाइन' पठाओ मोटरसाइकल प्रयोग गरेर लोकन्थली पुगेका थिए । सिसिटिभी फुटेजको आधारमा त्यसबाट पुनः अफलाइन नै प्रयोग गरेर (**बाँकी पृष्ठ २ मा**)



**विनोद विश्वकर्मा**
हत्या आरोपी

डेढ वर्षयता निरा र योगेन्द्र (श्रीमान्) बीच राम्रो सम्बन्ध नरहेको पारिवारिक स्रोतको दाबी

**यस्तो छ घटनाक्रमः**

- ७ वैशाखको दिउँसो करिब २:४४ बजे निरा आचार्यको हत्या
- हत्यापछि पाँच दिन साथीको डेरामा बास
- १२ गते निराबाट लुटिएको सुन तारकेश्वरस्थित एक सुन पसलमा ५५ हजार`लिएर धरौटी
- १२ गते नै इटहरी प्रस्थान
- १२ र १३ गते इटहरीस्थित एक महिलासँग बास
- १४ र १५ गते विर्तामोडस्थित एक होटलमा बास
- १६ वैशाखमा वितामोडबाट पक्राउ

---

सन्दर्भ : वैदेशिक रोजगार

### वैदेशिक रोजगार संघको १०० दिन

# २२ काममा प्रगति, २० बुँदे भावी योजना

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा नयाँ कार्यसमित चयन भएको १०० दिन पुगेको छ । सय दिन पुगेको अवसरमा राजेन्द्र भण्डारी नेतृत्वको संघले लामो व्याख्यासहित १०० दिनमा २२ काम गरेको उल्लेख गरेको छ ।

संघले आइतबार राजधानीमा पत्रकार सम्मेलनको आयोजना गरी व्यवसाय र व्यवसायीको हितमा गरेका कार्यहरूको २२ बुँदे प्रगति विवरण र भावी कार्ययोजनासमेत सार्वजनिक गरेको छ । वार्षिक १०० जना कामदार नपठाए इजाजतपत्र नवीकरण नहुने व्यवस्था अन्त्यका लागि संघको निरन्तर प्रयासबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उक्त व्यवस्था खारेजीका लागि प्रक्रिया अघि बढाइएको पहिलो बुँदामा समेटेको छ । त्यस्तै विभिन्न मुलुकको उदाहरण दिँदै वैदेशिक रोजगार व्यवसायीले वैदेशिक रोजगारीमा कामदार पठाएबापत लिनपाउने हालको सेवा शुल्क परिमार्जन गरी कामदारले पाउने एक महिनाको तलब बराबरको रकम सेवा शुल्कको रूपमा लिन पाउने व्यवस्था लागू गराउन मागपत्र पेस गरेको प्रगति बुँदा नम्बर २ मा उल्लेख छ ।

यसैगरी दुतावास नभएका युरोपलगायतका विभिन्न मुलुकको मागपत्र अनलाइनबाटै प्रमाणीकरणको व्यवस्था मिलाउन माग गरेबमोजिम मन्त्रालयले प्रक्रिया अगाडि बढाएको तेस्रो बुँदामा जनाइएको छ । त्यस्तै चौथो र पाँचौं बुँदामा पटक-पटक विज्ञापन गर्नुपर्ने व्यवस्थाको अन्त्य गराउन सफल भएको र वैदेशिक रोजगार व्यवसाय कोष सञ्चालनसम्बन्धी मापदण्ड, २०७९ पास गरी कार्यन्वयनको प्रक्रियामा रहेको उल्लेख गरिएको छ । उक्त कोष सञ्चालनमा आएपश्चात् व्यवसायीको क्षमता अभिवृद्धि, वैदेशिक रोजगार व्यवसाय र व्यवसायीको कल्याणकारी कार्य तथा वैदेशिक रोजगारसम्बन्धी अध्ययन अनुसन्धानमा सघाउ पुग्ने संघको भनाइ छ ।

यसैगरी नेपालस्थित साउदी अरेबियाको दूतावासले व्यवसायीसँग सम्बन्धित समस्या समाधान गर्न अनाकानी गरिरहेको अवस्थामा संघले पहल गरी समाधान भएको, मलेसियामा नेपाली श्रमिक पठाउँदा व्यवसायीले भोग्नुपरेको समस्याबारे मलेसियन गृहमन्त्रीलाई ध्यानाकर्षण गराइएको, व्यवसायीका समस्या समाधान गर्न संघभित्रै विभिन्न समिति गठन गरिएको विषयलाई पनि प्रगति विवरणमा समेटिएको छ । संघले गरेको पहलबाट मन्त्रालयले वैदेशिक रोजगार ऐन नियम संशोधन गर्न समिति बनाएको र अन्य सरोकारवालाहरूसँग समन्वय, सहकार्य र छलफल गरी ऐन/नियमावली परिमार्जनका लागि छलफल प्रारम्भ गरिएको उल्लेख छ । आर्थिक वर्ष २०८०/८१ को बजेटमा सम्बोधन गर्नुपर्ने वैदेशिक रोजगारसँग सम्बन्धित विषयमा अर्थ र श्रममन्त्रीसँग भएको भेटघाटमा मागपत्र पेस गरिएको बुँदा पनि प्रगति विवरणमा उल्लेख छ ।

झण्डै ७५० जना व्यवसायीलाई क्षमता अभिवृद्धि प्रशिक्षण कार्यक्रम सञ्चालन, मलेसियाको मागपत्र प्रमाणीकरण गर्दा अतिरिक्त समय ओभरटाइम उल्लेख गर्दा आइपरेको समस्या समाधान, मलेसियामा केडिएन एक्सपायर भएका मागपत्रहरू नवीकरण गरी कामदार पठाउन सफल, सामाजिक सुरक्षा कोषसँग सम्बन्धित समस्या तथा गुनासो सम्बोधन, बिरामी व्यवसायी चन्द्रसिंह अदैलाई व्यवसायीहरूबाट संकलन गरिएको पाँच लाख रूपैयाँ हस्तान्तरण, विदेशमा मुत्यु भएका व्यवसायी रिञ्जी राईको शव नेपाल ल्याई परिवारलाई हस्तान्तरण गरिएको र क्यालेण्डर प्रकाशनको विषयलाई पनि १०० दिनमा गरिएको कामको प्रगति विवरणमा उल्लेख छ । मलेसियामा कार्यरत कामदारको समस्या समाधान गरिएको, साउदी अरबको मागपत्र प्रमाणीकरण र व्यवसायीका समस्या समाधान गर्न पहल गरिएको, कुवेतमा रहेको नेपाली दूतावासबाट मागपत्र प्रमाणीकरणमा हुँदै आएको ढिलासुस्ती अन्त्य गरिएको, संघको पहलमा लामो समयदेखि रोकिएको जापानमा प्रशिक्षार्थी कामदार पठाउनका लागि सूचीकरण खुला गरिएको बुँदागत विवरण सार्वजनिक गरेको छ ।

यस्तै अन्तिम बुँदाको रूपमा संघले व्यवसायीविरुद्ध परेका उजुरी फरफारकमा पनि उपलब्धि भएको उल्लेख गरेको छ । वर्तमान कार्यसमितिले कामदारप्रति अत्यन्त संवेदनशील भई व्यवसायीविरुद्ध परेका उजुरी फरफारक गरी समस्या समाधान गर्न संघले पहल थालेको जनाएको छ । संघले हालसम्म ७७ वटा उजुरी फरफारक गराई कामदारले तत्काल राहत पाएको, ३३ जना उजुरकर्तालाई छलफल गरी समस्या समाधान गर्न सम्बन्धित इजाजतपत्र प्राप्त कम्पनीमा पठाइएको, कामदारको उजुरीको बेवास्ता गर्ने र उजुरी फरफारक गर्न अनिच्छुक १३ जना व्यवसायीलाई कानुनी प्रक्रिया अघि बढाउन वैदेशिक रोजगार विभागलाई अनुरोध गरिएको जनाएको छ ।

सय दिनमा २२ बुँदे प्रगति विवरण सार्वजनिक गरेको संघले २० बुँदे भावी नीति तथा कार्यक्रम रहेको जनाएको छ । संघले सेवा शुल्क परिमार्जन (वृद्धि) गराउन छुट्टाछुट्टै इजाजत लिनुपर्ने व्यवस्था अन्त्य गराउन, वैदेशिक रोजगार व्यवसायी कोष सञ्चालनमा ल्याउने, वैदेशिक रोजगार सूचना प्रणालीका (फेइम्स्) समस्या समाधान गर्ने, १०० जना कामदार नपठाए इजाजत नवीकरण नहुने व्यवस्था खारेज गराउन पहल गर्ने, व्यवसायीले व्यवसाय गर्न नपाउने व्यवस्था अन्त्य गर्न पहल गर्ने, विद्यमान ऐन तथा कानुनलाई समयसापेक्ष परिमार्जन गर्न पहल गर्नेलगायत भावी कार्यक्रम तय गरेको छ ।

सय दिने कार्य प्रगति प्रतिवेदन र भावी कार्ययोजना प्रस्तुत गर्दै संघका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगार क्षेत्रलाई सम्मानित, मर्यादित र व्यवस्थित बनाउन सबै सरोकार निकायहरूसँग समन्वय र सहकार्य गर्न तत्पर रहेको बताए । यस क्षेत्रमा देखिएका समस्या समाधानलागि संघले निरन्तर आफ्नो भूमिका निर्वाह गर्ने बताए । उनले श्रमिकमैत्री नीतिनियम बनाउनुपर्नेमा जोड दिँदै व्यवसायविरुद्ध हुने सिण्डिकेटको डटेर सामना गर्ने बताए ।







# तत्काल प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अघि बढाउन बारको माग




**काठमाडौं (प्रस)–** नेपाल बार एसोसियसनले प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया तत्काल अघि बढाउनुपर्नेलगायतका माग राख्दै दबाबमूलक कार्यक्रम प्रारम्भ गरेको छ।

बारको मागमा प्रधानन्यायाधीशको नियुक्ति अविलम्ब गर्नुपर्ने, सर्वोच्च अदालतलगायत सबै तहका अदालतमा रिक्त रहेका न्यायाधीश यथाशीघ्र नियुक्ति गर्नुपर्ने र पूर्ण स्वचालित पेसी व्यवस्थापन प्रणाली लागू गर्नुपर्ने माग गरेको छ । न्यायालयभित्रको भ्रष्टाचार, विकृति, विसंगति अन्त्य गर्नुपर्ने, संसदीय सुनुवाइ समिति गठन गर्नुपर्ने, संवैधानिक परिषद्को बैठक अविलम्ब बोलाउनुपर्ने र संवैधानिक दायित्व पूरा गर्न माग गर्दै दबाबमूलक कार्यक्रममा उत्रिएको हो।

बारका अध्यक्ष गोपालकृष्ण घिमिरेले प्रधानन्यायाधीश नियुक्तिलगायतका विभिन्न माग राखेर बारले दबाबमूलक कार्यक्रमकको घोषणा गरेको र उक्त माग पूरा नभएसम्म बार चुप लागेर नबस्ने बताए ।

राष्ट्रिय सभामा पेस गरिएको मर्यादासम्बन्धी विधेयकप्रति बारको असहमति भएको र विधेयकमा प्रधानन्यायाधीशको मर्यादाक्रम चौथो स्थानबाट घटुवा गरी पाँचौं स्थानमा राखिनु गलत भएकाले तत्काल सच्याउन सरकारसँग उहाँले माग गरे । सरकारलाई दबाब दिनका आइतबारदेखि बारले एक सातासम्म प्ले कार्ड लिएर प्रदर्शन गर्ने कार्यक्रम तय गरेको छ।

# शान्ति शिक्षा मन्दिरका विद्यार्थीलाई झोला वितरण



**काठमाडौं (प्रस)-** निरन्तर विकास संघ-नेपालले थहिटीस्थित शान्ति शिक्षा मन्दिर माध्यमिक विद्यालयमा अध्ययनरत १२४ छात्रछात्रालाई झोला वितरण गरेको छ । एक कार्यक्रमबीच संघका संस्थापक अध्यक्ष दिनेशदास श्रेष्ठ, विद्यालयका प्रधानाध्यापक सुदाम गौतम, ज्येष्ठ नागरिक केशव शाक्य, रामगोपाल कक्षपतिलगायतको उपस्थितिमा झोला वितरण गरिएको थियो।

अध्यक्ष श्रेष्ठले आफ्नो शरीरमा एक थोपा रगत छउञ्जेल समाज सेवामा सक्रिय रहने प्रण गरे । उनले सामाजिक क्षेत्रमा आमूल परिवर्तन ल्याउने उद्देश्यले आफूहरूले निरन्तर विकास संघ-नेपाल स्थापना गरेको स्पष्ट पारे ।

मजदुर, दलित, जनजाति, असहाय, पीडित, अपांगता भएका, पिछडिएका वर्गलाई सहयोग पुर्‍याउने उद्देश्यले यस संघले विभिन्न कार्यक्रम गर्दै आएको र यो कार्यक्रम निरन्तररूपमा अघि बढ्ने श्रेष्ठले बताए । साथै, काठमाडौंका अन्य सरकारी विद्यालयलाई समेत यसैगरी सहयोग जारी राख्ने संस्थापक अध्यक्ष श्रेष्ठले बताए।

विद्यालयका प्रधानाध्यापक गौतमले आफ्नो स्कुललाई झोला सहयोग गरेकोमा निरन्तर विकास संघ-नेपाललाई धन्यवाद व्यक्त गरे ।

# एक दशकमा पनि बनेन टेकुको पुल

**काठमाडौं–** एउटा पुल बन्न कति समय लाग्छ ? साना र सामान्य ढाँचाका भए एक वा दुई वर्ष लाग्छ। नेपालमा हाल निर्माण भइरहेका पुल हेर्दा लामो पुल र आधुनिक प्रविधिको पुल भए तीन-चार वर्षसम्म लाग्ने देखिएको छ।

काठमाडौंमा एउटा यस्तो पुल छ, जसको निर्माण सुरु भएको एक दशकभन्दा बढी समय भइसक्यो तर निर्माण सकिएको छैन। टेकुको विष्णुमती नदीमा निर्माणाधीन पुल आर्थिक वर्ष २०५९/६० मा सुरु भए पनि हालसम्म समपन्न भएको छैन।

पुल निर्माणमा त्रुटि रहेकाले त्यसलाई भत्काएर पुनर्निर्माण गर्नुपर्ने डिभिजन सडक कार्यालय काठमाडौंले जनाएको छ। कम गुणस्तरको पुल भएकाले अहिले त्यहाँ यातायात आवागमन रोकिएको डिभिजनकी सूचना अधिकारी सुनिता केसीले बताइन्।

पुल निर्माण अघि बढिरहँदा नै डिभिजन र निर्माण कम्पनीबीच विवाद भएको थियो। डिभिजनले कम गुणस्तरको भएकाले निर्माण अघि नबढाउन भनेको भए पनि कम्पनीले त्यो नमानेको सूचना अधिकारी केसीले बताइन्। उनले भनिन्, 'डिभिजनले रोक्न भन्दाभन्दै कम्पनी काम सकाउन लागेको थियो।'

कम गुणस्तरको निर्माण भएको र पहिले डिजाइनमा उल्लेख भएअनुसार (स्पेसिफिकेसन) अनुसार नभएकाले तीन वर्ष पहिले निर्माण कम्पनीसँगको ठेक्का तोडिएको डिभिजनले जनाएको छ। डिभिजन कार्यालयले ठेक्का तोडेर कम्पनीलाई कालोसूचीमा पठाएपछि कम्पनी अदालतमा गएको थियो। मुद्दा विचाराधीन हुँदा थप कारबाही गर्न नसकिएकाले अहिले पुल बन्द गरी राख्नुपरेको सूचना अधिकारी केसीको भनाइ छ। उनले भनिन्, 'पुलसम्बन्धी मुद्दाको निर्णय आएपछि त्यहीअनुसार अघि बढाइनेछ।'

कम्पनीले आफ्नोतर्फबाट निर्माण सकेपछि यातायात सञ्चालन गर्न चाहेको भए पनि कम गुणस्तरको बनेकाले नदिइएको डिभिजनले जनाएको छ। अहिले मुद्दा विचाराधीन भएकाले खोल्न नमिल्ने उनले बताइन्। पुलको माथिको बीचको भाग भत्काउनुपर्ने कार्यालयको भनाइ छ। पहिले निर्माण कम्पनीले रोक्नभन्दा नमानेर बनाएको संरचना स्वीकार गर्ने किसिमको नभएको उनले बताइन्।

पुल पप्पु कन्स्ट्रक्सनले निर्माण गरेको हो । उक्त कम्पनीले टेकु र तीनकुनेमा रहेका दुईवटै पुल निर्माणको जिम्मा पाएको थियो। दुईवटै पुलमा गुणस्तरीय काम नगरेको भन्दै ठेक्का तोडिएको थियो। तीनकुनेमा रहेको पुल नयाँ ठेक्कामार्फत निर्माण अघि बढाउन लागिएको भए पनि यो पुलको मुद्दा अदालतमा रहेकाले लामो समयसम्म पुल अलपत्र अवस्थामा छ। *रासस*

# सबै विद्यार्थीको हातहातमा पाठ्यपुस्तक

**काठमाडौं (प्रस)–** सरकारले विद्यार्थी भर्ना अभियानसँगै सबै सामुदायिक विद्यालयमा सबै विद्यार्थीले सहजरूपमा निःशुल्क पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था मिलाइएको बताएको छ। पाठ्यपुस्तक अभाव भएमा सूचना दिन पनि आग्रह गरिएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आइतबार पत्रकार सम्मेलन गरी यही वैशाख दोस्रो सातासम्ममा सामुदायिक विद्यालयमा भर्ना भएका सबै विद्यार्थीले पाठ्यपुस्तक पाइसकेको जानकारी दिँदै भर्नासँगै विद्यार्थीको हातहातमा पाठ्यपुस्तक उपलब्ध गराउने कार्यमा माथिल्लो निकाय, सम्बन्धित निकाय र सञ्चार क्षेत्रबाट सकारात्मक सहयोग मिलेको जनाएको छ।

मन्त्रालयका अनुसार यस शैक्षिकसत्रका लागि प्रक्षेपित कक्षा १ देखि ५ सम्म जम्मा २३ लाख ९२ हजार ६३६ र कक्षा ६ देखि १० सम्म २० लाख ४६ हजार ४५० का लागि आवश्यक पुस्तक जनकशिक्षा सामग्री केन्द्र लिमिटेड र निजी प्रेसबाट उत्पादन गराइएको छ। जनक शिक्षाबाट कक्षा ६ देखि १० सम्मका लागि एक करोड ५५ लाख थान र निजी क्षेत्रका मुद्रकबाट कक्षा १ देखि ५ सम्मका लागि एक करोड १८ लाख थान पाठ्यपुस्तक छपाइ कार्य सम्पन्न भएको छ।

पत्रकार सम्मेलनमा मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले प्रधानमन्त्री पुष्पकमल दाहाल, मुख्यसचिव शंकरदास वैरागी, संसदीय समिति र अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेतबाट भएको निर्देशन र पहलका कारण यस वर्ष सहजरूपमा उत्पादन र बिक्रीवितरण भएको बताए। जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध सञ्चालक अनिलकुमार झाले उत्पादन क्षमतामा वृद्धि भएकाले आगामी वर्षका लागि पनि कक्षा १ देखि १२ सम्मको पाठ्यपुस्तक समयमै छपाइ र बिक्री वितरणका लागि तयार रहेको स्पष्ट गरे।

पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक वैकुण्ठ अर्यालले परिवर्तन गरिएका पाठ्यक्रममा बाहिरी आवरणमात्रै परिवर्तन गरेर भित्री पृष्ठमा पुरानै विषयवस्तु हुबहु छापेर बिक्री गर्ने आठ्राई प्रकाशन र ओएसिस प्रकाशनलाई स्पष्टीकरण सोधिएको र कारबाहीको प्रक्रिया अघि बढाइएको जानकारी दिए।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका निर्देशक चूडामणि पौडेलले विद्यार्थीले समयमै पाठ्यपुस्तक पाउँदा भर्ना अभियानमा सहयोग पुगेको र भर्ना अभियानको समग्र अगुवाइ स्थानीय तहले गरिरहेको बताए।

## अस्ट्रेलिया पठाउन ३० लाख ठगी गर्ने रेग्मी पक्राउ

**काठमाडौं (प्रस)–** नेपाल प्रहरीले अस्ट्रेलिया पठाइदिन्छु भनी ३० लाख रूपैयाँ ठगी गर्ने एक जनालाई पक्राउ गरेको छ।

प्रहरीको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले वैदेशिक रोजगारीका लागि अस्ट्रेलिया पठाइदिन्छु भनी ३० लाख रूपैयाँ ठगी गर्ने चितवन भरतपुर महानगरपालिका घर भई काठमाडौंको लाजिम्पाट बस्ने २७ वर्षीय सञ्जय रेग्मीलाई आइतबार पक्राउ गरेको हो। पक्राउ परेका रेग्मी लाजिम्पाटस्थित माझी विष्ट्रो रेस्टुरेण्टका सञ्चालकसमेत हुन्।

कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले अस्ट्रेलियामा मासिक तीन लाख रूपैयाँभन्दा बढी तलब हुने प्रलोभन देखाएर ३० लाखभन्दा बढी रकम ठगी गरेको आरोपमा पक्राउ गरिएको जानकारी दिए।

रेग्मीलाई वैदेशिक रोजगार विभागबाट गरिएको पत्राचारको आधारमा दरबारमार्गबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। पक्राउ रेग्मीलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग बुद्धनगर पठाइएको प्रहरी उपरीक्षक रेग्मीले बताए।

## सरकारलाई...
पृष्ठ १ बाट जारी

सरकारप्रति पार्टीको धारणा बुझ्नका लागि पनि प्रधानमन्त्रीले सभापतिसँग छलफल गर्नुभएको हो,' उपसभापति अर्यालले भने।

उक्त भेटमा मिलेरै अगाडि बढ्ने भन्नेबारेमा छलफल भएको प्रधानन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले जानकारी दिए । 'प्रधानमन्त्रीले बधाई दिनुभयो । मिलेर काम गर्नुपर्छ भनेर प्रधानमन्त्रीले भन्नुभयो,' प्रेस सल्लाहकार आचार्यले भने।

### रास्वपा सरकारमा जान्छ कि जाँदैन ?

उपनिर्वाचनपछि रास्वपा थप बलियो भएको छ। गत मंसिरमा समानुपातिकसहित २० सिट जितेको रास्वपाको उपनिर्वाचनपछि २१ सिट पुगेको छ। तनहुँ-१ मा डा. स्वर्णिम वाग्लेले जित निकाल्दै रास्वपाको सिट थपेको हो । सभापति लामिछानेले साविक चितवन-२ बाट पुनः जित निकालेका हुन्।

रास्वपाका सभापति लामिछानेले दोस्रोपटक सांसद पदको शपथ लिएकै दिन सरकारले न्यूनतम साझा कार्यक्रमबाट आफ्ना मुद्दाहरू हटाएकाले समर्थन फिर्ता हुनसक्ने बताएका थिए । यद्यपि, लामिछानेले शुक्रबार संसद्मा प्रमुख प्रतिपक्षी दलका नेता लक्ष्मी महतो कोइरीको विषयलाई लिएर एमालेमाथि खनिए। गृहमन्त्री हुँदा एमाले अध्यक्ष केपी ओलीनिकट रहेर काम गरेका लामिछानेले शुक्रबार भने प्रधानमन्त्री दाहाललाई बल पुग्नेगरी अभिव्यक्ति दिएका हुन्। फरार सूचीमा रहेका कोइरी बिरामी रहेको भन्दै बिदा स्वीकृत गर्ने प्रस्ताव सभामुख देवराज घिमिरेले संसद् बैठकमा प्रस्तुत गर्दा विमति जनाउँदै लामिछानेले भनेका थिए, 'म गृहमन्त्री भएका बेलामा उहाँ बिरामी परेको होइन, फरार अभियुक्तका रूपमा हामीले खोजी गरेका थियौं । मसँग उहाँ भागेर जानुभएको ठाउँ त्यहाँको प्रहरीले नियन्त्रणमा लिएको तस्बिर छ। सम्बन्धित निकायलाई उपलब्ध गराउनसक्छु।' त्यसपछि कोइरीको बिदा स्वीकृत हुन सकेन।

यस्तो अवस्थामा के रास्वपाले सरकारलाई समर्थन जारी राख्ने हो ? यसबारे रास्वपाका सहप्रवक्ता कविन्द्र बुर्लाकोटी भन्छन्, 'भोलिको बैठकमा समसामयिक राजनीति र संसदीय दलको नेताको कुरा छ। समर्थन कायम रहने/नरहनेबारे अहिले केही भन्न सकिन्न।'

अहिले मन्त्रिपरिषद् १९ सदस्यीय छ। छ जना मन्त्री थपेर २५ जना भएपछि मन्त्रिपरिषद्ले पूर्णता पाउँछ । चैत ६ गते दोस्रोपटक विश्वासको मत लिँदा रास्वपाले प्रधानमन्त्री दाहालको पक्षमा मतदान गरेको थियो । अहिले रास्वपाले समर्थन फिर्ता लिएरमा दाहाले फेरि विश्वासको मत लिनुपर्ने हुन्छ। यसो हुँदा दाहालको सत्ता संकटमा पर्न सक्छ। त्यसैले प्रधानमन्त्री दाहालले निर्वाचित हुनासाथ लामिछानेसँग सरकार समर्थन फिर्ता नलिनका लागि लबिइङ जारी राखेका छन्।

### कांग्रेसबाट को जाँदै ?

कांग्रेसबाट अहिले सरकारमा पाँच जना सहभागी छन् । उपसभापति पूर्णबहादुर खड्काको नेतृत्वमा दुईपटक गरी सरकारमा सहभागी भएको कांग्रेसले अब तत्कालै अर्को उपसभापति धनराज गुरुङलाई सरकारमा पठाउने तयारी गरेको छ । गुरुङले स्वास्थ्य मन्त्रालयको जिम्मेवारी पाउने बताइएको छ।

'संस्थापनइतरबाट उपसभापति धनराज गुरुङलाई केही दिनमै सरकारमा पठाउने तयारी भइरहेको छ,' देउवानिकट एक नेताले भने । संस्थापनइतरमा विवादका कारण अहिलेसम्म कोही पनि सरकारमा सहभागी भएका छैनन् । रास्वपाको निर्णयलगत्तै कांग्रेसले आफ्नो भागमा परेको मन्त्रालयमा नेतृत्व पठाउने तयारी गरेको बताइएको छ।

## शंकाको...
पृष्ठ १ बाट जारी

उनी लोकन्थलीस्थित साह थरका एक साथीको कोठामा पुगे । अनिमात्रै प्रहरी झापाका विनोदसम्म पुगेको हो। पछिल्लो समय प्रहरीलाई झुक्याउन उनले मोबाइल नम्बरसमेत परिवर्तन गरेका थिए।

प्रहरीका अनुसार निरा र विनोदबीच पहिले कुनै चिनजान भए/नभएको खुलेको छैन । यद्यपि, विनोद पहिले पनि त्यही ठाउँमा बसेको र त्यस वरपरको ठाउँबारे जानकार भएको पाइएको आचार्यले बताए।

मृतक निराको विवाह बागलुङका योगेन्द्रसँग भएको थियो। तर, डेढ वर्षयता निरा र योगेन्द्रबीच राम्रो सम्बन्ध नरहेको पारिवारिक स्रोतको दाबी छ। निराका आफन्तहरूले पहिले पनि ज्वाइँ योगेन्द्रले निरालाई पटक पटक मार्ने धम्की दिएका कारण घटनामा उनी पनि संलग्न हुनसक्ने आशंका व्यक्त माइती पक्षको रहेको छ। तर, यसबारे अनुसन्धान गरेपछि मात्रै भन्न सकिने प्रहरीले जनायो।


## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Recent Job Placement Pvt. Ltd** (ई.प.नं.१३१८/७४/७५)मा कार्यरत **Pema Ghale (Citizenship No. 442060/401)** ले आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**RECENT JOB PLACEMENT PVT. LTD**

श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536

Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## शेयर सदस्य हटाईएको सम्बन्धी सूचना

यस Sky Blue International Overseas Pvt. Ltd.(ई.प.नं.१४६२/०७४/०७५)को शेयरहोल्डर **मदन खड्का क्षेत्री** (ना.प्र.प: ४-३६३९, रूपन्देही) लाई शेयर सदस्यबाट खारेज गरिएको जानकारी गराईन्छ । निजसँग यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Sky Blue International Overseas Pvt.ltd.**

Govt. License 1462/074/075

Sinamangal, Kathmandu, Nepal,Phone : +977 1 4592660

skyblueintloverseas@gmail.com, www.skyblueintl.com.np



## हार्दिक श्रद्धाञ्जली



जन्म
२०१५/०१/०७

स्वर्गारोहण
२०८०/०१/१६

**स्व. ललित थापा**

हाम्रो यस **मुस्कान ओभर्सिस प्रा लि** मा कार्यरत निराजन थापा का पुजनीय पिता **श्री ललित थापा** को अल्पायुमै भएको निधनले हामी असाध्यै मर्माहित भएका छौं । यस दुखद् घडीमा सम्पूर्ण परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस् एवम् स्वर्गिय आत्माको चिर शान्तिका लागि प्रार्थनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक संतप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**मुस्कान ओभर्सिस प्रा. लि. परिवार**

**सामाखुशी-२६, काठमाडौं**



## सूर्योदय नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, इलाम, नेपाल

### सूर्योदय नगरपालिकाद्वारा जनहितमा जारी जानकारीमूलक सन्देश

• जथाभावी ढुंगा गिट्टी, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं । • बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं । विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं । • खानेपानीका मुहानहरु सदैव सफा राखौं । जथाभावी फोहोर नफालौं । • शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ । • चर्पीमा मात्र दिसापिसाव गरौं । • सफासँग हात धोएर खाना खाने गरौं । • झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं । घरपालुवा चौपायाहरु छाडा नछाडौ तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं । • सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं । विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं । • जेष्ठ नागरीकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं । • व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं । • समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं । • यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं । • गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं । • राष्ट्रिय सम्पदा तथा धरोहरहरुको जर्गेना गरौं । कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं । • घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं । • गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं ।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
२. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी / उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछि नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने । स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ति अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।



## बसाइ बेलायत

# साधना नेपाली बालसाहित्यको




- शरीर यता भए पनि मन नेपालमै छ । यहाँको ज्ञानलाई नेपाली परिवेशमा ढालेर बालकथा लेख्छु ।
- पाठ्यक्रममा कथा पार्न विभिन्न परीक्षण विधि हुन्छन् । निजीमा निकै कडाइ हुन्छ । सरकारीको त झन् थुप्रै स्कुलमा परीक्षण गरेपछि शिक्षक र विद्यार्थीले मन पराएमात्र प्रकाशन फाइनल हुनेरहेछ
- बच्चा बदलिसके, लेखक बदलेन भने अप्ठ्यारो पर्नेछ । नयाँ कुरा ल्याउनु लेखकको शक्ति हो । ज्ञानको झिल्को दिन प्रयास लेखकले गर्ने हो । त्यही झिल्कोले विकासको आगो बल्ने हो ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** बसाइ बेलायतस्थित लण्डन । नियमित काम गर्नु नै छ । तर अलिकति फुर्सद मिल्नसाथ नेपाली साहित्य सिर्जनामा घोत्लिन थालिहाल्छन् उनी । उनी अर्थात् कृष्ण बजगाई ।

नेपाली साहित्यमा परिचित नाम हो यो । पछिल्लो समय बजगाई नेपाली बालसाहित्यको साधनामा व्यस्त देखिन्छन् । विशेषगरी बालकथा बजगाईलाई मनपर्ने विधा ।

यसपटक कक्षा ४ देखि कक्षा ७ सम्म नेपाली पाठ्यक्रममा उनले लेखेका ११ कथा परेका छन् । यसबाट प्रस्ट हुन्छ नेपाली बाल कथा लेखनमा उनको लगाव ।

धरानमा लामो समय साहित्य साधनमा लागेका बजगाई २३ वर्षअघि बेल्जियम पुगे । त्यही पुगेपछि बालसाहित्यमा रुचि जागेको बताउँछन् उनी । 'बालसाहित्य लेखन बेल्जियममा पसेपछि हो यो लेख्न थालेको,' बजगाई भन्छन्, 'बेलायत आएपछि अलि सशक्त हुन थालेको छ । ११ वर्ष बेल्जियम बसें । त्यहाँबाट बेलायत आएको १२ वर्ष भयो ।'

### तीन वर्षमा २१ बालकथा पाठ्यक्रममा

बजगाई बालकथामा आधुनिकता र प्रविधिसँग गाँसेर देशप्रेमका कुरा मिसाउँछन् । पशुपक्षी प्रेमका कुरा उत्तिकै हुन्छ उनको सिर्जनामा । त्यसैले होला, नेपाली पाठ्यक्रममा उनको सिर्जनाले ठाउँ पाउन थालेको छ ।

'लिफ्टको मजा' उनले लेखेको पहिलो कथा कक्षा ४ को पाठ्यक्रममा पर्न सफल भयो तीन वर्षअघि । पाठ्यक्रम विकास केन्द्रको स्वीकृति प्राप्त प्रकाशनबाट आएको किताबका पहिलो कथा प्रकाशनपछि सम्पादकहरूले उनको खोजी गर्न थाले । 'शिक्षक र विद्यार्थीले मन पराएका छन्,' बजगाई भन्छन्, 'अध्ययन अध्यापनमा राम्रो भयो भन्नुहुन्छ शिक्षकहरूले ।'

दोस्रो वर्ष उनका नौ वटा कथा विभिन्न कक्षाका नेपाली पाठ्यक्रममा परे । निजी विद्यालयमा उनको कथा पढाइ हुन थालेपछि यस वर्ष थप कथाहरूको माग बढेको उनको भनाइ छ । 'यसपटक ११ गरी २१ कथा कक्षा ४ देखि कक्षा ७ सम्म परेका छन्,' बजगाईले भने, 'सरकारी पाठ्यक्रममा भने यसपटक पहिलो परेको हो ।'

### बालसाहित्य रोज्नुका कारण

कृष्ण घुम्न मनपराउँछन् । घुमेका कुरा अक्षरमा उतारेर पाठकलाई घरै बसेर उक्त ठाउँ जाउँजाउँ लाग्नेगरी नियात्रमा उतार्छन् । चार नियात्रा संग्रह प्रकाशन गरिसकेका उनको 'उमिहोतारु' पछिल्लो नियात्रा संग्रह हो । लघुकथा विशेष रुचि हो उनको । चारवटा लघुकथा संग्रह बजारमा आइसकेको छ । हाइकुमा पनि रुचि छ उनको । वयस्क कथामा पनि उनको १४ पुस्तक बजारमा आइसकेको छ । 'आगो ओकल्ने पहाड' बजगाईको पछिल्लो बालकथा संग्रह हो ।

अरु साहित्यमा सशक्त कलम चलाउने बजगाई किन लागे त बालसाहित्यमा ? 'बालसाहित्य कम देखें । त्यसैले पनि यसमा योगदान दिनुपर्छ भनेर लेख्न थालिएको हो,' उनको जवाफ । बालबालिका जसरी नयाँ-नयाँ स्वादका खानेकुरा र नयाँ-नयाँ पहिरन लगाउन मन पराउँछन् कथामा त्यस्तै नयाँपन दिन आफू बालसाहित्यमा आएको बताउँछन् बजगाई ।

'अर्को हाम्रोमा ट्रेन्ड एउटै छ गाउँका कथा उही तथ्य कथाहरूमात्र,' बजगाई भन्छन्, 'बालबालिकालाई विदेशको परिवेश देखाएर फरकपन देखेर पनि लेखें । सिकाइको प्रवृत्ति देखेर बालसाहित्यमा रुचि जाग्यो ।'

हालसम्म ३० वटा बालकथा लेखिसकेका बजगाईका पाँचवटा बाल कथाका किताब प्रकाशोन्मुख छन् । उनका कथामा बाल मनोविज्ञानसँगै प्रविधिका विषय पनि समेटिएका छन् । 'प्रविधिको माध्यमबाट के गर्न सकिन्छ ? दुर्गमका बालबालिकालाई त्यसले रुचि जगाउँछ भनेर पनि प्रविधि जोड्छु । जनवार प्रेम, प्रकृति प्रेम पनि जोड्छु । अहिले त प्रविधि अभिन्न भइसकेको छ ।'

बेलायत बसेर नेपाली बालसाहित्यको सिर्जना आफैं अप्ठ्यारो विषय हो । कसरी सिर्जना गर्नुहुन्छ त ? 'जीवनको आधा समय बिताएर यता आएको हो । मेरो शरीर यता भए पनि मन नेपालमै छ । यहाँको ज्ञानलाई नेपाली परिवेशमा ढालेर कथा लेख्छु,' जवाफमा बजगाईले भने, 'नेपालका समाचार फलो गर्छु । ताजा तथ्यांक लिन्छु र भेरिफाइ गरी कथा तयार पार्छु ।'

व्यस्तता उत्तिकै हुन्छ । बालसाहित्य सिर्जनामा कसरी समय निकाल्नुहुन्छ ? जवाफमा उनले भने, 'परिवारको केही समय अनि आराम गर्ने समय चोर्छु । स्ट्रेस मान्दिनँ । आनन्द लाग्छ । थाक्दिनँ । लेख्न रमाउँछु ।'

### प्रतिक्रियाबाटै उत्साहित

पाठ्यक्रममा परेका कथाबाट राम्रो प्रतिक्रिया बटुल्न थालेका छन् उनले । तिनै प्रतिक्रियाले थप प्रेरणा मिल्दै जाने बताउँछन् बजगाई । 'कोर्समा परेपछि विद्यालयका प्रिन्सिपल, सञ्चालकले नेपाल आउँदा जसरी पनि विद्यालय पसेर जानु भन्नुहुन्छ,' उनी भन्छन्, 'म एकदम उत्सुक छु । मलाई एकदम प्रेरणा मिलेको छ ।'

कथा लेख्दै गर्दा बेलायतको पाठ्यक्रम र नेपाली पाठ्यक्रम पनि दाँज्छन् उनी । 'बेलायतमा कक्षा १२ सम्म सबै पढाइ निःशुल्क हुन्छ । निजी स्कुल एकदम कम छन् । तर, पढाइ उही हो । पाठ्यक्रम सशक्त छ । पूर्वाधार राम्रा छन् विद्यालयमा,' बजगाईले भने, 'पाठ्यक्रम बढी जानकारीमूलक लाग्य यहाँको । काठमाडौं र कर्णालीको ज्ञानको स्तर फरक भएझैं होला नेपाल र बेलायतको ।'

पाठ्यक्रममा किताब पर्न सोर्सफोर्स चाहिन्छ भन्ने आरोप पनि लाग्छ । अझ कृष्णको त तीन वर्षमै २१ वटा कथा परेका छन् । के पाठ्यक्रममा किताब पर्न सोर्सफोर्स नै चाहिने हो त ? 'पाठ्यक्रम भनसुनबाट हुँदैन । लेखकलाई पाठ्यक्रम निर्देशिका हुन्छ । सबै क्षेत्र समेट्नुपर्छ । आफ्नै सामग्रीसमेत हाल्न पाउँदैनन् लेखक सम्पादकले,' बजगाई भन्छन्, 'सरकारीको त झन् थुप्रै स्कुलमा परीक्षण गरेपछि रेटिङ राम्रो आएपछिमात्र प्रकाशन फाइनल हुनेरहेछ ।'

### बेलायतमा साहित्यकै साधनामा

बेलायतबाट समकालीन साहित्य वेब पत्रिकामा १६ वर्षदेखि साधनारत छन् बजगाई । यो पत्रिकामा संस्थापक अध्यक्ष एवं प्रकाशक हुन् । यतिमात्र हैन नेपाली साहित्यको अनुसन्धानमूलक साहित्यिक पत्रिका 'प्रवासन' पनि प्रकाशन गर्छन् उनी । प्रवासनका प्रधान सम्पादक उनी धरानमा प्रकाशन हुने संसार साप्ताहिकमा २०४१ मा कविता प्रकाशन गरेपछि साहित्य क्षेत्रमा उदाएका हुन् । उनले धरानमा रहँदै विभिन्न आठ साहित्यिक सँगालो सम्पादन गरेका थिए । २०६५ देखि लघुकथा समाज नेपालका अन्तर्राष्ट्रिय संयोजक रहेका उनी यसअघि विभिन्न संघसंस्थामा आबद्ध थिए ।

'सानैदेखि साहित्यमा रुचि थियो । नेपालमा पनि लेखिरहन्थे । धरानमै ९-१० साहित्यिक पत्रिकाको सम्पादन गर्ने अवसर प्राप्त भयो, स्थान विशेष कविहरूको आँखामा धरान कविता सम्पादन गर्ने मौका मिल्यो,' बजगाई भन्छन् ।

कक्षा १२ को नेपालीमा बजगाईको यन्त्रमानव लघुकथा पढाइ हुन्छ । त्यसैगरी पूर्वाञ्चल विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय र नेपाल संस्कृत विश्वविद्यालयमा स्नातक तहमा उनको नियात्रा पढाइ हुन्छ । बर्मा, क्यानडा र अमेरिकामासमेत उनको कथा पढाइ हुन थालेको छ । 'बर्मामा सरकारी विद्यालयमै कक्षा ९ मा पढाइ हुन थालेको छ भने अमेरिका र क्यानडामा नेपाली सामुदायिक विद्यालयमा कथा पढाइ हुन थालेको छ,' बजगाईले भने ।

### नयाँ सर्जकलाई सुझाव

वि.सं. २०७२ मा सत्यमोहन जोशी शताब्दी पदकसहित आधा दर्जन सम्मान तथा पुरस्कार पाइसकेका बजगाई नेपाली लेखकहरू अझै पनि नोकर बसेको कथालाई प्राथमिकताका साथ लेख्ने गरेकोमा अचम्म मान्छन् । 'विकासका कथा, सामाजिक कथा छन् । नयाँ कुरा ल्याउनु लेखकको शक्ति हो । नोकर बसेको कथा पुरानो भइसक्यो,' उनी भन्छन्, 'समाज बुझ्नुपर्‍यो पहिले । त्यहाँ के आवश्यकता छ बुझ्नुपर्छ । ज्ञानको झिल्को दिन प्रयास लेखकले गर्ने हो । त्यही झिल्कोले विकासको आगो बल्ने हो । अनुशासन देशप्रेम प्रेम यहीबाट आउँछ ।'

बाल सिर्जनाको ट्रेन्डमा परिवर्तन आउनुपर्ने उनको भनाइ छ । 'बच्चा बदलिसके, लेखक बदलेन भने अप्ठ्यारो पर्छ,' उनी भन्छन्, 'लेखकले आफूलाई अपडेट गर्नुपर्‍यो ।'

लेखकले कुनै पनि विषयलाई नजरअन्दाज गर्न नहुने बजगाईको बुझाइ छ । 'पहाड, हिमाल र तराईका कथा आउनुपर्छ । नजरअन्दाज गर्नु भएन । लेखन संस्कृति परिस्कृत गर्नुपर्ने देखिन्छ,' उनले भने ।

## पाठ्यक्रममा परेका बजगाईका कथा

१. **कथाः लत**
पुस्तकः नेपाली माला (तह ३), २०८०
प्रकाशकः नेपाली पाठशाला अफ मेरिल्यान्ड अमेरिका

२. **कथाः गाउँले रोबोट**
पुस्तकः सुनगाभा नेपाली शृंखला (कक्षा ५), २०८०
प्रकाशकः ग्रिन बुक्स काठमाडौं

३. **कथाः भ्यु टावर**
पुस्तकः नेपाली ज्ञानमाला (कक्षा ५), २०८०
प्रकाशकः सेञ्चुरी बुक्स लिमिटेड काठमाडौं

४. **कथाः रोबोट गाउँ**
पुस्तकः नेपाली (कक्षा ५), २०८०
प्रकाशकः नेपाल सरकार पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

५. **कथाः जादू**
पुस्तकः स्वर्णिम नेपाली (कक्षा ५), २०८०
प्रकाशकः स्वर्णिम पब्लिकेसन पोखरा

६. **कथाः घामको खेती**
पुस्तकः मेरो नेपाली (कक्षा ५), २०८०
प्रकाशकः संगम बुक्स प्रकाशन

७. **कथाः डेबिड सर**
पुस्तकः नेपाली माला (कक्षा ५), २०८०
प्रकाशकः प्रसिद्ध प्रकाशन प्रालि

८. **कथाः पाहुना गाउँ**
पुस्तकः नेपाली शृंखला (कक्षा ५), २०८०
प्रकाशकः एकता बुक्स

९. **कथाः कथा भन्ने घर**
पुस्तकः सजिलो नेपाली (कक्षा ५), २०८०
प्रकाशकः निमा पुस्तक प्रकाशन काठमाडौं ।

१०. **कथाः बतासे डाँडामा पंखा**
पुस्तकः मिठो नेपाली (कक्षा ५), २०८०
प्रकाशकः सनराइज पब्लिकेसन्स् काठमाडौं

११. **कथाः जंगलको अस्पताल**
पुस्तकः हाम्रो नेपाली माला (कक्षा ५), २०८०
प्रकाशकः टाइम्स इन्टरनेसनल पब्लिकेसन काठमाडौं

१२. **कथाः लिफ्टको मजा**
पुस्तकः निमा सजिलो नेपाली (कक्षा ४), २०७७
प्रकाशकः निमा पुस्तक प्रकाशन, काठमाडौं,

१३. **कथाः सुटुक्क डुल्न जाँदा**
पुस्तकः निमा सजिलो नेपाली (कक्षा ६), २०७८
प्रकाशकः निमा पुस्तक प्रकाशन, काठमाडौं

१४. **कथाः जापान घुमाउने कुकुर**
पुस्तकः हाम्रो नेपाली माला (कक्षा ७), २०७९
प्रकाशकः टाइम्स पब्लिकेसन प्रालि काठमाडौं

१५. **कथाः आगो ओकल्ने पहाड**
पुस्तकः मिठो नेपाली (कक्षा ७), २०७९
प्रकाशकः सनराइज, काठमाडौं

१६. **कथाः फूलबारी गाउँ घुम्न जाऔं**
पुस्तकः संगम मेरो नेपाली (कक्षा ७), २०७९
प्रकाशकः संगम बुक्स पब्लिकेसन प्रा.लि. काठमाडौं




१७. **कथाः बाघमारा जंगल**
पुस्तकः बोधगम्य नेपाली भाषा संसार (कक्षा ७), २०७९
प्रकाशकः कान्तिपुर एजुकेसन डेभलपमेन्ट काउन्सिल, काठमाडौं

१८. **कथाः डाक्टर चुचु**
पुस्तकः नेपाली भाषा संसार (कक्षा ४), २०७९
प्रकाशकः कान्तिपुर एजुकेसन डेभलपमेन्ट काउन्सिल, काठमाडौं

१९. **कथाः कम्प्युटर बाजे**
पुस्तकः नेपाली ज्ञानमाला (कक्षा ७), २०७९
प्रकाशकः सेञ्चुरी बुक्स, काठमाडौं

२०. **कथाः डाक्टर गोठाले**
पुस्तकः स्वर्णिम नेपाली (कक्षा ६), २०७९
प्रकाशकः स्वर्णिम पब्लिकेसन, पोखरा

२१. **कथाः रोबोट सर**
पुस्तकः स्वर्णिम नेपाली (कक्षा ४), २०७९

**नेपाल सरकार**
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**
**राष्ट्रिय अभिलेखालय**
**रामशाहपथ, काठमाडौ**

**सिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

**सूचना नं. NA-03/079/080 ठेक्का नं. NA-SQ01/RDRM/079/80 सूचना प्रकाशित मिति : २०८०/०१/१८**

१. यस कार्यालयमा आ.व. २०७९/८० भित्र अध्ययन अनुसन्धान कक्ष (Reading Room) बनाउने कार्य सिलवन्दी दरभाउपत्रबाट गर्नको लागि यो सूचना आव्हान गरिएको छ । यस कार्यको लागत अनुमान रकम (भ्याट र कन्टजेन्सी बाहेक) रु. १७,१०,४४९।- रहेको छ ।
२. योग्य दरभाउपत्रदाताले यस सम्बन्धी थप जानकारी यस कार्यालयको टेलिफोन नं. ४२००८४८, ईमेल ठेगाना mali@narchives.gov.np तथा वेव साईट www.narchives.gov.np बाट पनि प्राप्त गर्न सक्नेछन् ।
३. योग्य दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी कागजातहरू सूचना प्रकाशित भएको मितिबाट १५ औं दिनसम्म कार्यालय समय भित्र राष्ट्रिय अभिलेखालय, रामशाहपथ, काठमाडौंमा लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा चालु आ.व. को नवीकरण गरिएको व्यवसाय दर्ता, इजाजत पत्र, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७८।७९ सम्मको कर चुक्ता (म्याद थप) को प्रमाणपत्रको प्रतिलिपि तथा फारम दस्तुर वापत रु. १०००।- (फिर्ता नहुने) पेश गर्नुपर्नेछ ।
४. सिलबन्दी गरिएको दरभाउपत्र सूचना प्रकाशित भएको मितिबाट १६ औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा स्वयम् उपस्थित भइ पेश गरिसक्नुपर्नेछ । म्याद नाघी प्राप्त भएका दरभाउपत्र स्वीकार गरिने छैन ।
५. पेश भएका दरभाउपत्रहरू उपस्थित हुन चाहेका दरभाउपत्रदातारप्रतिनिधिको रोहबरमा राष्ट्रिय अभिलेखालय, रामशाहपथमा सूचना प्रकाशित भएको मितिबाट १६ औं दिन दिनको २:०० बजे खोलिनेछ । दरभाउपत्र मान्य अवधि खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिनसम्मको हुनेछ । दरभाउपत्रको साथ इजाजत प्राप्त बैंक वा वित्तिय संस्थाबाट जारी गरिएको, कम्तिमा ७५ दिन अवधिको रु ५०,०००।- (पचास हजार रूपैयाँ) रकम बराबरको जमानत पेश गर्नु पर्नेछ । जमानत रकम नगदै जम्मा गर्न चाहने दरभाउपत्रदाताले कोलेनिका, बबरमहलको नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको एकल धरौटी खाता नं. १२०१२००००१००२५२४, कार्यालय कोड नं. ३२५०३३५०१ मा जम्मा गरी सक्कल भौचर दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।
६. खरिद वा दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू लगतै पछि कार्यालय खोलेको दिन सोही समयमा हुनेछ । जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना हुनेछ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### कोशीको आन्दोलनमा ध्यान देऊ

**कोशी प्रदेश आन्दोलित छ । संघीयतापछि विकास हुनुपर्ने हो, तर यहाँ नामकरणकै कारण जनता सडकमा ओर्लिएका छन् । सडकमा नेताहरू पुग्दा कालो झण्डाको सामना गर्नुपर्ने परिस्थिति निर्माण भइसकेको छ । यसबारे वातावरण कसले बनाए ?**

**सत्तासीन शीर्ष दलका नेताहरू सत्ताको छिनाझम्टीमा लाग्दा प्रमुख प्रतिपक्षी दलका नेता पूर्वराजामाथि जाइलागिरहेका छन् । एमाले अध्यक्ष केपी शर्मा ओलीले पूर्वतिर पुगेर ‘फायरिङ’ खोल्दा पूर्वराजा ज्ञानेन्द्र शाह पश्चिम नेपालगञ्जतिर महिना दिने ‘रिल्याक्स होलिडे’ मनाइरहेका छन् ।**

**कहिलेकहीँ त आन्दोलनकारी पनि छक्क पर्दा हुन् आन्दोलन भइरहेको छ एकातिर नेताहरूको ध्याउन्न छ अर्कोतिर । खासमा कोशीमा पहिचानवादीहरूको आन्दोलनलाई सरकारले ध्यानै दिइरहेका छैनन् । आन्दोलनकारी भने दिनहुँ दस्ता बलियो बनाउँदै छ । पर्खालभित्र परेड खेल्दै आफूलाई दैनिक सशक्त बनाउँदै गर्दा नेताहरूको बोलीको ठेगान छैन । ओलीशैली हेर्दा ‘छोरी कुटेर बुहारी तर्साउने’झैं गर्न लागेका हुन् वा धमिलो पानीमा माछा मार्ने कुनै कुत्सित योजना हो बुझ्न कठिन छ ।**

**तर, ओलीको पछिल्लो गतिविधि शंकास्पद देखिन्छ । सत्ताबाट बाहिरिएपछि बोली फेरिरहेका छन् ओली । सत्तासीन माओवादी अध्यक्ष प्रधानमन्त्री पुष्पकमल दाहालको व्यवहार हेर्दा देश शान्त छ । तर, सरकारले यसलाई राजनीतिक आन्दोलनकै रूपमा हेरेको छ । गृह मन्त्रालयकै उच्च अधिकारीको भनाइ मान्ने हो भने यस्ता लडाकु दस्ताले राष्ट्रिय सुरक्षामा गम्भीर चुनौती दिनसक्छ । गृहले यो दस्ताबारे के गर्ने भन्नेबारे अझै सोचेको छैन । राजनीतिक दलहरू आ–आफ्नै फाइदाको दाउ हेरिरहेको छ ।**

**पूर्व पुगेर ओलीले अन्धाधुन्धा ‘फायरिङ’ खोल्दा पूर्वमाओवादी लडाकुहरू पनि दस्तामा थपिन थालेका छन् । लिम्बुवान भोलिन्टियर्स, किरात फोर्स, काङ्सोरे फोर्सजस्ता दस्ता गठन गरेका विवरणहरू पनि सार्वजनिक भएका छन् । प्रहरीका पूर्वडिआइजी हेमन्त मल्लले कुनै पनि लडाकु दस्ता देशको राष्ट्रिय सुरक्षामा गम्भीर चुनौती हुने बताएका छन् । यस्ता दस्तामाथि नियन्त्रण गर्नु सरकारको दायित्व हुने उनको धारणा छ । कोशीमा देखिएको आन्दोलनप्रति ठूला राजनीतिक दल नै जिम्मेवार हुनुपर्ने उनलाई लाग्छ । यस्ता अवस्थामा ठूला दलको सुस्ताइ गज्जबको देखिन्छ । आन्दोलनलाई खेलाँची ठानेर नजरअन्दाज गर्दा भोलिको नोक्सानी नियन्त्रण गर्न मुस्किल पर्नसक्छ । बेलैमा ध्यान देऊ दलहरू !**

## मनन्योग्य

### चाणक्य नीति

जनचाहनालाई प्रबल आधार बनाएर पुत्रमोहले समेत अन्धो भएका राजा धृतराष्ट्रलाई सम्झाएर कुलवधू द्रौपदीसहित कुन्ती र उनका छोरा पाण्डवहरूलाई हस्तिनापुरमा बोलाउन लगाउनु र औपचारिकतापूर्वक उनीहरूको स्वागतमा तयार गराउनुजस्तो बुद्धि चातुर्यको काम विदुरले नै पूरा गरेका थिए। विदुर सुरुदेखि अन्तसम्म कुरु राज्यप्रति निष्ठावान् रहेका थिए । उनी सदैव निर्भिकतापूर्वक धर्मको नै पक्ष लिने गर्दथे। उनी धर्मपारायण हुन् भन्ने कुराको प्रमाण अरू के हुन सक्ला र जबकि युद्ध रोकियोस् भन्ने उद्देश्यले अन्तिम प्रयास ‘ गर्न पाण्डवहरूको दूत बनेर आएका यादव नरेश श्रीकृष्णले दुर्योधनका राजमहलको आतिथ्य स्वीकार नगरी विदुरकहाँ (एउटा दासीपुत्रको घरमा बस्न उचित ठान्नुभयो। त्यसैले विदुलाई महात्मासमेत भनिँदै आएको छ।

विदुरले आफ्नो जिन्दगानीभरि नै धर्म (नीति) को पालना गरे। महाभारतमा अनेकौं नीतिशास्त्रकारका नीतिहरू संकलित छन्। यिनमध्ये पाण्डवका पुरोहित धौम्यका सेवानीति, कणिक भारद्वाजको कूटनीति प्रख्यात छन्। महात्मा विदुरले धृतराष्ट्रलाई भनेको कुरा (उपदेश) अत्यन्तै मार्मिक र अनौठा छन्। विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्वहरूको विवेचना गरिएको छ। साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ। सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ ।

‘धर्मको गति बुझिनसक्नु छ’ ‘धर्मका तात्विक विषयहरू यत्रतत्र पाइदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ । धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन । क्रमश :

# संकटोन्मुख अर्थव्यवस्थामा बजेटको भरोसा



उद्धव सिलवाल

> सरकारले बजेटका कार्यक्रमहरु तयार पारेर स्रोत परिचालन गर्दा निम्न आर्थिक अवस्था र पिछडिएका वर्गलाई बढी महत्व दिनुपर्ने, गरिब र युवा उमेर समूहलाई प्राथमिकतामा राख्नुपर्ने, विभिन्न सीपमूलक तालिमका कार्यक्रमहरु ल्याइनुपर्ने, सार्वजनिक सेवाको प्रभावकारिता बढाउनुपर्ने, कृषि क्षेत्रलाई विस्तार गर्नुपर्ने, रोजगारी सिर्जना गरी पलायन हुने गरेका जनशक्तिलाई रोक्नुपर्ने खाँचो देखिएको छ ।

भन्सार विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्षको चैत मसान्तसम्मको वैदेशिक व्यापार स्थितिले सुरुदेखि नै निराशाजनक रहेको वैदेशिक व्यापारमा सुधार आउन नसकेको देखाएको छ । अर्थतन्त्रका अन्य सूचकहरूमा केही सुधार देखिए पनि वैदेशिक व्यापारका क्षेत्रमा कूल व्यापारदेखि आयात तथा निर्यात व्यापार र व्यापार घाटामा सुधार आउन नसकेको विभागले सार्वजनिक गरेको तथ्यांकले देखाएको हो ।

चैतमा नेपालले १३ अर्ब ४८ करोड ३७ लाख रूपैयाँ बराबरको निकासी गरेको छ भने एक खर्ब ४२ अर्ब १२ करोड ३४ लाख रूपैयाँ बराबरको वस्तु आयात गरेको छ । चैतसम्म कूल व्यापार घाटा १० खर्ब ८३ अर्ब २२ करोड ९० लाख रूपैयाँ रहेको छ । गत आवको सोही अवधिको तुलनामा व्यापार घाटामा कमी आए पनि निर्यातको हिस्सा बढ्न नसकेको तथ्यांकले पुष्टि गरेको छ । यो अवधिमा नेपालको भारतसँगको व्यापार घाटा छ खर्ब ७० अर्ब ७६ करोड रूपैयाँ रहेको छ । चीनसँग एक खर्ब ६१ अर्ब ८१ करोड रूपैयाँ व्यापार घाटा रहेको छ ।

यस्तो अवस्थामा अर्थ व्यवस्थाको दिगो विकासका लागि माग र आपूर्तिबीच सन्तुलन कायम गर्नुपर्नेमा त्यसतर्फ राज्य संयन्त्रले ध्यान दिन सकेको छैन । जसको कारण अर्थव्यवस्था असन्तुलनतर्फ जान थालेको छ । शासनको वैधता कायम गर्ने एवं सार्वजनिक निकाय र नागरिकबीच सुसम्बन्ध स्थापित गर्ने कार्यमा राज्य चुकेको छ ।

नेपालको आर्थिक नीति, आवधिक योजना, प्रत्येक वर्षको आर्थिक ऐन र बजेट एवं सरकारद्वारा गठित विभिन्न आर्थिक सुधार कार्यदल, वित्तीय कार्यदल, सार्वजनिक खर्च व्यवस्थापन कार्यदलजस्ता आयोग, समिति कार्यदलका सुझाव र सरकारद्वारा समयसापेक्षरूपमा सार्वजनिक गरिने नीतिले नियन्त्रित गर्नुपर्नेमा वित्तीय उत्तरदायित्व वित्तीय तथा आर्थिक प्रशासनसँग सम्बद्ध अधिकारीले कानुनबमोजिम पूरा गर्नुपर्ने उत्तरदायित्वको पालना गरिरहेका छैनन् । वित्तीय प्रशासन तथा आर्थिक प्रशासनलाई सार्वजनिक प्रशासनको महत्त्वपूर्ण आयाम मान्ने गरिएको छ । असल, सुदृढ र अग्रगामी आर्थिक क्रियाकलाप र भ्रष्टाचारमुक्त, चुस्त एवं छरितो आर्थिक प्रशासनबाट नै मुलुकको विकास गर्न सकिने भए पनि त्यसतर्फ व्यक्त गरिएका सबै कुरा कागजमै मात्र सीमित रहेको छ ।

कृषि पेसामा बढ्दै गएको उदासीनताका कारण ग्रामीण अर्थतन्त्र धराशायी हुँदै गइरहेको छ । युवाशक्ति पलायन हुँदा जग्गा जमिन बाँझो हुने क्रम प्रत्येक दिन बढ्दो क्रममा रहेका छन् । रासायनिक मलको हाहाकार विगतदेखि वर्तमानसम्म आइपुग्दा पनि हट्न सकेको छैन । पर्याप्त सिँचाइ, कृषि, औषधि र मल अभावको कारण किसानलाई आफ्नो उत्पादनको लागत उठाउन पनि मुस्किल परिरहेको छ । यस्तो अवस्थामा सत्ताको अभयदान पाएका बिचौलियाको रजगज हावी हुन पुग्दा किसान र उपभोक्ता उचित मूल्य पाउनबाट वञ्चित छन् । यसको असर हरेक घर-परिवारमा परिरहेको छ ।

राज्यले आर्थिक गतिविधि चलायमान भएको भने पनि व्यवहारमा लागू हुन सकेको छैन । उद्योग व्यवसायको सुस्तपन घट्नुपर्नेमा थप बढिरहेको छ । सोही कारण उद्योगको उत्पादन बढ्न नसकेको हो । अर्थतन्त्र खस्कँदा ऋणको किस्ता तिर्न नसक्ने र आर्थिक गतिविधि थप जटिल भएर समस्यामा पर्नेको संख्या पछिल्लो समय बढ्न थालेको छ । निजी क्षेत्रको कारोबारमा आएको कमीले बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको किस्ता तिर्न धौ-धौको अवस्था देखिन थालेको छ । ऋणीले ऋण तिर्न नसक्ने अवस्था सिर्जना भएमा आर्थिक सन्तुलन बिग्रन गई व्यापार व्यवसाय ठप्प हुनसक्छ । यदि, यस्तो अवस्था आयो भने समग्र वित्तीय प्रणाली प्रभावित हुने हुँदा यसतर्फ पनि राज्यले सोच्नुपर्ने समय आएको छ ।

संविधानले राजनीतिक, वित्तीय र प्रशासनिक शक्ति र जिम्मेवारीलाई सहकारीतामा आधारित संघीय प्रणालीअनुरूप संघ, प्रदेश र स्थानीय तहबीच बाँडफाँट गरेको छ । सहकारी संघीयताको छाताभित्र संविधानतः नेपाल सरकार, सात वटा प्रदेश सरकार र ७५३ स्थानीय सरकार गरी ७६१ निर्वाचित सरकारहरू राजनीतिक, प्रशासनिक तथा वित्तीयरूपमा क्रियाशील छन् । जसले देशको खर्च बढेर धेरै माथि पुगेको छ । संविधानको धारा ४ ले नेपाललाई स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवादउन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा गरेको छ । संविधानको धारा ५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना, संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने, राज्यशक्तिको प्रयोग पनि ती तीनै तहमा हुने एवं राज्यशक्तिको प्रयोग संघ, प्रदेश तथा स्थानीय तहले संविधान तथा कानुनबमोजिम गर्नेछ भन्ने व्यवस्था गरेको छ ।

तर, विद्यमान कानुनी व्यवस्थाको उल्लंघन गर्दै खर्च गर्ने र आम्दानी नलिने सरकारी प्रवृत्तिमा अझै पनि सुधार आउन सकेको छैन । कानुनको परिपालना गर्ने परिपाटी कम हुँदै गइरहेको छ । संघीयता कार्यान्वयनपछिका वर्षहरूमा बेरुजु रकम बढ्दो क्रममा रहेको छ । विकासका काम निर्धारित समयभित्र सकाउने प्रणालीको विकास विगतदेखि अहिलेसम्म पनि हुन सकेको देखिँदैन । बनाउँदै भत्काउने र भत्काउँदै बनाउने कार्यलाई आमनागरिकले कमिसनरूपी मिठाईको रूपमा लिन थालेको पनि लामो समय भइसकेको छ । तर, पनि यसले निरन्तरता पाइरहेकै छ । यसमा कुनै पनि परिवर्तन आउन सकेको छैन । सार्वजनिक सम्पत्ति र स्रोतको दुरूपयोग गरी व्यक्तिगत फाइदा लिने परिपाटीमा मुलुक अघि बढ्दा विकासको कार्य ‘हात्तीको देखाउने दाँत’ जस्तो मात्रै भएको छ । वर्षको ९-१० महिनासम्म कानमा तेल हालेर बस्ने अनि अन्तिम महिनामा आएर सबै काम गर्छु भन्ने विगतदेखिको परिपाटीले निरन्तरता पाइरहेको छ ।

समग्र औद्योगिक उत्पादन तथा व्यावसायिक क्षेत्रमा आएको ह्रास, वित्तीय क्षेत्रमा तरलता संकुचन, उच्च ब्याजदर, बढ्दो व्यापार घाटा, न्यून पुँजीगत खर्च, घट्दो राजस्व संकलन, विदेशी मुद्रा सञ्चितिमा परेको दबाब तथा पुँजीबजारमा आएको गिरावटलगायतका समस्यालाई औद्योगिक, वित्तीय र मौद्रिक नीतिको सामञ्जस्यपूर्ण ढंगले कार्यान्वयन गरी अर्थतन्त्रलाई गतिशील बनाउन अब आउने बजेटमा नीतिगत व्यवस्था गर्नुपर्छ ।

सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रमले वित्तीय, मौद्रिक, पुँजीबजार, सहकारी, बिमा र निजी कम्पनीका निकायहरूबीच आवश्यक समन्वय गरी निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्न आवश्यकताअनुसार नीतिगत, संस्थागत तथा प्रक्रियागत सुधार गर्ने उल्लेख गरिए पनि व्यवहारमा लागू हुने संकेतसम्म पनि देखिएको छैन ।

सिंगापुरमा भएको तीव्र आर्थिक वृद्धि त्यहाँको उच्च लगानी, बचत दर, उत्कृष्ट शिक्षा प्रणाली र विवेकपूर्ण नीतिका कारण सम्भव भएको हो । तर, हामी कहाँ लोकतन्त्रमा पनि अधिनायकवादी राज्यमा जस्तो आसेपासे पुँजीवाद मौलाएजस्तो प्रवृत्ति र रवैया हावी भएको कारण चर्को मूल्यवृद्धि, बढ्दो बेरोजगारी र प्रशासनिक क्षेत्रमा फजुल खर्च बढिरहेको छ । राज्यले घोषणा गरेको आर्थिक वृद्धिदरको लक्ष्य भेट्टाउन सार्वजनिक क्षेत्रको रोजगारी सिर्जनाले मात्र सम्भव नहुने हुँदा अहिलेको अवस्थामा निजी क्षेत्रको उत्साहजनक सहभागितालाई आकर्षित गरी देशमा कानुनी राज्यको अवधारण विकास गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

आर्थिक वृद्धिलाई अर्थतन्त्रको वास्तविक राष्ट्रिय आयमा दिगो वार्षिक वृद्धिका रूपमा परिभाषित गर्ने गरिन्छ । आर्थिक वृद्धि भनेको स्थिर मूल्यमा राष्ट्रिय उत्पादनको बढ्दो प्रवृत्ति हो । प्रतिव्यक्ति आयको हिसावले आर्थिक वृद्धि भनेको देशको वास्तविक प्रतिव्यक्ति आयमा हुने वार्षिक वृद्धि हो । आर्थिक वृद्धिको मुख्य उद्देश्य भनेकै जनताको जीवनस्तर उकास्नुलाई लिने गरिन्छ । तर, हामीकहाँ त आमनागरिकको जीवनस्तर प्रत्येक वर्ष तल खस्किरहेको छ । यसले हुनेखाने वर्गको स्तर सधैं माथि र गरिखाने वर्ग सधैं तल रहने गरेको देखाएको छ ।

आर्थिक वृद्धिदर न्यून हुनुले अर्थतन्त्रको उत्पादक क्षमताको विस्तार नभएको र आर्थिक क्रियाकलाप पर्याप्त चलायमान नभएको देखाएको छ । पछिल्ला महिनामा वित्तीय क्षेत्रको संकटले अर्थतन्त्रको माग र आपूर्ति प्रभावित हुन पुग्दा त्यसको असर आर्थिक वृद्धिमा पनि परेको थियो । नेपालको आर्थिक वृद्धिदरमा संकुचन रहेको तथा आन्तरिक र बाहृय क्षेत्रसमेतको व्यवस्थापनका लागि चालिएका नीतिगत कदमको प्रभाव अर्थतन्त्रमा देखिएको अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले समेत बताइसकेको छ । यस्तो अवस्थमा आर्थिक स्वतन्त्रता, आर्थिक वृद्धि, खुला व्यापार, प्रतिस्पर्धी बजारजस्ता पक्षहरूले आर्थिक वृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा नेपालको संविधानले निजी क्षेत्रलाई प्रोत्साहित गर्ने र आर्थिक समृद्धि हासिल गर्ने, अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाउने नीति लिएको हो । यस्तो नीति अझसम्म पनि व्यवहारमा लागू हुन सकेको छैन । गरिबी र असमानताका कारण देशको आर्थिक विकासमा अवरोध पुगेको छ । अस्थिर राजनीतिका कारण भूमिगत अर्थतन्त्र हावी हुन पुग्दा आर्थिक कार्यसम्पादनको मूल्यांकन र नीति विश्लेषण गर्दा आधिकारिक बृहत् आर्थिक तथ्यांकको विश्वसनीयता पनि कमजोर हुँदै गइरहेको छ ।

आर्थिक प्रणालीलाई सन्तुलितरूपमा अघि बढाउन र विकास बजेट निर्धारित समयमै सकाउनका लागि हरेक वर्षको जेठ १५ मा बजेट प्रस्तुत गर्ने प्रत्याभूति नेपालको संविधनमै व्यवस्था गरिएको छ । तर, पनि भौचर मिलाएर राजस्व हिनामिना गर्ने ‘असारे विकास’ कम हुन सकेको छैन । असारे विकास निरुत्साहन नभई प्रोत्साहन भएको जस्तो व्यवहारमा देखिन आएको छ । सरकारले बजेटका कार्यक्रमहरू तयार पारेर स्रोत परिचालन गर्दा निम्न आर्थिक अवस्था र पिछडिएका वर्गलाई बढी महत्त्व दिनुपर्ने, गरिब र युवा उमेर समूहलाई प्राथमिकतामा राख्नुपर्ने, विभिन्न सीपमूलक तालिमका कार्यक्रमहरू ल्याइनुपर्ने, सार्वजनिक सेवाको प्रभावकारिता बढाउनुपर्ने विषयलाई अहिले सबैले चासोका रूपमा हेरिरहेका छन् । अहिले सरकार बजेट निर्माणको चटारोमा रहेको छ । त्यसैले सरकारले बजेट निर्माण गर्दा संकटोन्मुख अवस्थातर्फ जान थालेको अर्थतन्त्रलाई सुधार गर्ने हो भने बजेटबाहेक अर्को विकल्प देखिँदैन ।

## पत्र–मञ्जुषा

### राजस्व छल्न यातायात व्यवसायीको अनेक चाल

पेट्रोल, डिजेल, मट्टितेल बोक्ने ट्यांकर, ढुवानी गर्ने ट्रक, मिनिट्रक, टाटामोडल, ट्र्याक्टर, पाउटेलर र अटोरिक्सा, पानी ट्यांकरलगायत कालो प्लेटमा दर्ता भएका सवारीले लुट मच्चाइरहेका छन् । सरकारले तोकेकोभन्दा दोब्बर भाडा लिएर यी सवारीहरूले सामान बोकाउनेलाई ठगिरहेको छन् । सरकारले तोकेको पाँच हजार छ भने यी सवारीले १५ हजार रूपैयाँसम्म लिन्छन् । आयल निगमले ट्यांकरको ढुवानी खर्चसहित जोडेर इन्धनको मूल्य निर्धारण गर्छ । यता, व्यापारीले ढुवानी खर्च र नाफा जोडेर मूल्य निर्धारण गर्छन् । ढुवानीको भाडा र नाफासहित जोडर बेचेको सामान उपभोक्ताले खरिद गर्छन् ।

तर, यिनीहरूबाट राज्यले राजस्व पाएको छैन । न यी ढुवानी गाडीहरू घरेलुमा गएका छन् । न कम्पनीमा गएर पञ्जीकरण नै गरेको पाइन्छ । एउटा ढुवानी गाडीमा यातायात व्यवसायीको २० देखि ८० लाखसम्म लगानी हुन्छ । यी गाडीले दैनिक १० देखि ५० हजार रूपैयाँ आम्दानी गर्दछ । दैनिक आम्दानी र लगानीको राजस्व यातायात व्यवसायीले राज्यलाई तिरेका छैनन् । मुलुकभर सात लाख २० हजार ढुवानी गाडी दर्ता छन् भनेर यातायात व्यवस्था विभाग बताउँछ । यत्रो ढुवानी गाडी घरेलु र कम्पनीमा गएर पञ्जीकरण नगर्दा राज्यको ढुकुटी रित्तो छ । अर्बौं रूपैयाँ राजस्व पाउनबाट राज्य वञ्चित भएको छ ।

२०७५ वैशाख ४ गतेको मन्त्रिपरिषद्को बैठकले यातायात समिति खारेज गरेर ढुवानी र यात्रुबाहेक दुवैलाई कम्पनीमा लैजाने निर्णय गर्‍यो । २०७५ वैशाख २४ गते यातायातमन्त्री रघुवीर महासेठले पाँचवटा गाडी हुने कम्पनीमा गएर दर्ता गरी पञ्जीकरण गरेर चलाउने घोषणा गरे । त्यसैगरी, एउटा गाडी हुने मान्छे घरेलुमा गएर पञ्जीकरण गरेर चलाउने भनिएको थियो । सोही वर्षको मंसिर महिनामा कम्पनी र घरेलुमा नगएको गाडीहरूको रोड परपिट र दर्ता खारेज गर्न मन्त्री महासेठले सबै यातायात कार्यालयलाई परिपत्र गरे । एउटा गाडी घरेलुमा गएर पञ्जीकरण भयो भने सुरूमै २९ हजार रूपैयाँ राजस्व आउँछ ।

एकचोटी पञ्जीकरण गरेपछि त्यो पाँच वर्षसम्म नवीकरण गर्नु पर्दैन । घरेलुमा पनि उही नियम लागू हुन्छ । पुरानो यातायाातमा उल्लेख भएको ऐनकानुनले राज्यले अर्बौं रूपैयाँ राजस्व गुमाइरहेको छ । घरेलु र कम्पनीमा गएको गाडीहरू वर्षैपिच्छे नवीकरण गर्दा राज्यले खर्बौं रूपैयाँ राजस्व उठाउन सक्छ ।

पछिल्लो समय एउटा कम्पनी प्रालिमा १० वटादेखि १०१ गाडीहरू छन् । एउटा यात्रुवाहक सवारीमा यातायात व्यवसायीको पाँचदेखि ५० लाखसम्म लगानी छ । एउटा यात्रुबाहक गाडीले दिनमा पाँचदेखि ५० हजारसम्म कमाउँछ । कम्पनी अडिट गर्दा यिनीहरूले राज्यलाई लगानीको हिसाब देखाउँदैन । दैनिक आम्दानीको पनि यिनीहरूले राज्यलाई हिसाबकिताब देखाउँदैनन् । तर, अडिट गर्ने मानिसलाई पैसा खान दिएर उनीहरूले कम्पनी नवीकरण गर्छन् । राज्यलाई राजस्व तिर्दैनन् । यात्रुवाहक गाडीमा यातायात व्यवसायीहरूको १६ खर्ब ९८ अर्ब लगानी छ । ढुवानी गाडीमा ११ खर्बभन्दा बढी लगानी यातायात व्यवसायीले गरेका छन् ।

तर, अर्थ मन्त्रालय यी सवारीबाट राजस्व असुल गर्न कुनै पनि चासो देखाउँदैन । यातायात मन्त्रालय चाल नपाएझैं बसिरहेको छ । २०४९ सालपछि सरकारले यातायात व्यवसायीसँग लिनुपर्ने राजस्व बढाएको छैन । ढुवानी गाडी होस् वा यात्रुवाहक सरकारले राजस्व बढाएको छैन । राज्यले लिनुपर्ने राजस्व बढेन तर यात्रुले तिर्नुपर्ने भाडाचाहिँ २० औं गुणाले बढ्यो । यसबाट यातायात व्यवसायीलाई फाइदा भइरहेको छ । राज्यलाई भने ठूलो नोक्सानी भइरहेको छ । राजस्व उठाउनमा सरकारको ध्यान जाओस् ।

*– कपिल सुनुवार*
*भैंसेपाटी, ललितपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# सरकारको साथ खोज्दै सामुदायिक प्राकृतिक चिकित्सालय



■ विष्णुप्रसाद गौडेल

**मध्यविन्दु–** नवलपरासी (बर्दघाट सुस्तापूर्व)को देवचुलीमा अवस्थित नेपालकै पहिलो सामुदायिक प्राकृतिक चिकित्सालयमा हालसम्म ४० हजारभन्दा बढीले सेवा लिइसकेका छन् । प्राकृतिक उपचारमार्फत स्वदेशी र विदेशी बिरामीलाई सेवा दिँदै आएको चिकित्सालयले थप विकास र सेवा विस्तारमा भने यतिबेला संघीय सरकारको साथ खोजेको छ ।

व्यवस्थापक हरि सापकोटा चिकित्सालयले सीमित स्रोत, साधन र जनशक्तिबाट पनि न्यूनतम शुल्कमै हालसम्म सेवा दिन सकेको भए पनि यसलाई दीर्घकालसम्म टिकाइराख्नका लागि संघ सरकारको सहयोग आवश्यक रहेको बताए ।

'प्राकृतिक चिकित्सालयको विकासका लागि संघीय सरकारले नीतिगत तहबाटै निर्णय गरी आवश्यक बजेट विनियोजन गरिदिने हो भने विपन्न नागरिकलाई पनि सहुलियतदरमै उपचार गराउन सकिन्थ्यो,' उनले भने, 'यसका लागि सरकारले ध्यान दिनु आवश्यक छ ।'

वि.सं. २०६४ मा महायज्ञमार्फत संकलित रकमबाट स्थापना गरिएको प्राकृतिक चिकित्सालयमा सेवा लिन देशका ७७ जिल्लाबाट मात्रै नभई भारत, क्यानडा, अमेरिका, फ्रान्स, बेल्जियम, अस्ट्रेलिया, दक्षिण कोरिया, न्युजिल्याण्ड, जापान, नर्वे, इजरायललगायतका देशबाट उपचारका लागि बिरामी आउने गरेका छन् ।

'चिकित्सालय गैरनाफामूलक संस्था हो, आर्थिकरूपमा विपन्न, द्वन्द्वपीडित, एकल महिला, विकलांगसमेतले उपचारमा पहुँच राख्न सक्नेगरी यसको परिकल्पना गरिएका छौं,' व्यवस्थापन समितिका अध्यक्ष सन्तबहादुर क्षेत्रीले बताए । यसका लागि सरकारले नै नीतिगत तहबाटै सम्बोधन आवश्यक रहेको उनको भनाइ छ । तत्कालीन समयमा ५२ शयचाबाट सुरु गरिएको संस्थामा हाल तीन सय शयचाको क्षमता छ ।

'अन्य उपचार पद्धतिबाट निको नभएका बिरामीले पनि यहाँ उपचारपछि पुनःजीवन पाएका उदाहरण छन्,' उनले भने, 'सर्जरीबाहेकका रोग निको पार्न सकिने प्राकृतिक चिकित्सालाई दिगोरूपमा टिकाउन सरकारले नीतिगत सहजताका साथै बजेट विनियोजन गर्नुपर्छ ।'

उनका अनुसार छिमेकी मुलुक भारतका २२ प्रान्तमा नेचुरोपेथी मेडिकल कलेज र व्यवस्थित अस्पताल सञ्चालनमा भएको भन्दै उनले यस चिकित्सालयलाई शिक्षण अस्पतालका रूपमा विकास गर्ने अवधारण अघि सारिएको बताए । 'अहिलेको आवश्यकता प्राकृतिक चिकित्सा र योग अस्पतालको विकास हो,' उनले भने, 'यसका लागि सरकारको साथ चाहिन्छ ।'

चिकित्सालयमा बिरामीका लागि उपचार, आवास र खाना गरी दैनिक एक हजार १०० शुल्क तोकिएको छ । कूल ५० जना जनशक्ति रहेको चिकित्सालयमा मासिक १५ लाख रूपैयाँ खर्च रहेको व्यवस्थापक सापकोटाको भनाइ छ ।

प्राकृतिक चिकित्सा उपचार विधिले शरीरमा नकारात्मक असर नपर्ने चिकित्सालयका निर्देशक डा. विनोद पौडेलले बताए । 'मानव शरीर पञ्चतत्त्वले बनेको हुन्छ । प्राकृतिक चिकित्सा र योगले नै शरीरलाई स्वस्थ र सवल राख्न सक्छ,' उनले भने, 'आहार नै औषधि र औषधि नै आहार यसको मूल सिद्धान्त हो ।'

प्राकृतिक चिकित्सा र योगमा प्रतिरक्षात्मक, उपचारात्मक र निधानात्मक तीनवटै आयाममा उपचार गरिने र यसले जटिल, दीर्घरोग हुने बाटो नै बन्द गर्ने डा. पौडेलको भनाइ छ । निकट भविष्यमा नै निम्न, मध्यम र प्राज्ञिक जनशक्ति उत्पादन गर्ने केन्द्र बनाउने योजना रहेको उनले सुनाए । चिकित्सालयलाई शिक्षण अस्पताल र विश्वविद्यालयका रूपमा विकास गर्दै ज्येष्ठ नागरिक आरोग्य आश्रम र देशैभर जीवनशैली सुधार प्राकृतिक चिकित्सा र योगसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याउने योजना रहेको उनको भनाइ छ ।

चिकित्सालयमा आकाश चिकित्सा, वायु चिकित्सा, सूर्यकिरण चिकित्सा, जल चिकित्सा, माटो चिकित्सा, योग चिकित्सा, जडीबुटी चिकित्सा, आहार चिकित्सा, मनोचिकित्सा, मर्म चिकित्सा, मालिस चिकित्सा, गौमूत्र चिकित्सालगायतका विधिबाट उपचार गराइन्छ । चिकित्सालयमा कोरोनाको महामारीको समयमा ८०० भन्दा बढी कोरोना संक्रमितलाई सेवा दिइएको थियो । *रासस*

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL QANAS SECURITY SERVICES

पूर्व स्वीकृति मिति : २०७८/०९/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१७ | LT. No. 254392 | चलानी नं. ६०१७२४९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 35 | 0 | 1200 | ४२,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख २५ गते (8th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ५४२/०६१/०६२

Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Fax:- + 977-1-4989762

Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com

Contact: 9851112074,9841935884,9841541592, 9808658844, 9842716845, 981533303

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AKAR SECURITY SERVICES (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१०/03 | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१७ | LT. No. 279610 | चलानी नं. ६०१९५१७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 9 | 0 | 1500 | ४३,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SIN LIAN

पूर्व स्वीकृति मिति: २०७९/०५/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१७ | LT. No. 271323 | चलानी नं. ६०१८७२७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 26 | 0 | 1500 | ४३,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख २५ गते (8th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Vitamin Pharmacy

पुर्व स्वीकृति मिति २०८०/०१/१७ | LT. No.285434 | चलानी नं. ६०२००८५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 1 | 0 | 1000 | ३५,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख २५ गते (8th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**

Shantinagar, Kathmandu, Nepal Tel.01-4620777

E-mail: info@sunlightrecruitment.com.np,

sunlightrecruitmentservice@gmail.com

Website : www.sunlightrecruitment.com.np

Govt.L/c No:1189/073/074

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८०/०१/१८**

यस कम्पनीको मिति २०७८/१२/११ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **Basnet and Group Human Resource Pvt. Ltd.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **Global Recruitment Group Pvt. Ltd.** (परिवर्तित नाम)कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको निर्णय अनुसार नाम परिवर्तन गरी **Global Recruitment Group Pvt. Ltd.** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८०/०१/१८**

यस कम्पनिको मिति २०७९।११।२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविकको **प्याराडाईज इङ्गलिस बोर्डिङ स्कुल प्रा.लि.** (प्रा.लि.नं. ११७३८) को नाममा रहेको सम्पूर्ण चल–अचल सम्पत्ति तथा तिर्नु, व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०।०१।१३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **रानिवन पाठशाला प्रा.लि.**(परिवर्तित नाम) कायम गरिएको जानकारी गराइन्छ ।

## मलेशियामा रोजगार

RESTORAN AL- BADIYAH (M) SDN. BHD. पून: विज्ञापन

पुर्व स्विकृति मिति: 2079.04.08 चलानी नं. ६०१८३७८७ LT No. 267859

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सूबिधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 02 | 1500 | 43436 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/ नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८० बैशाख २५ गते (8 May 2023) हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफनो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: नि:शुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**

Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph No.:01-4113744

## रिचार्ज कार्ड हरायो

मिति २०८०/०१/१२ गते, हाडीगाँउ डल्कुदेखि भत्केको पुलसम्म जाँदा रु.१००।- को २०० पिस NTC रिजार्ज कार्ड हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

सि.नं.: ११२२१२०१९०६११८०१
देखि ११२२१२०१९०६१२०००
सम्पर्क नं : ९८४१२४१११२
ठेगाना: हाडीगाँउ डल्कु देखि भत्केको पुल सम्म

## मूल सर्टिफिकेट हराएको सूचना

यहि मिति २०७९/११/२० गते बालाजु बोहाराटारदेखि माछा पोखरीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको व्याचलर डिग्रिको मूल सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : रेश्मा पोखरेल
रजिस्ट्रेसन.नं.: ७-२-२३९-६४-२००४
सिम्बोल.नं.: ७२३५४६१५
ठेगाना.: का.म.न.पा.-१६, बोहाराटार, टौडोल
सम्पर्क: ९८४१०४३९४४

## माईग्रेसन हराएको सूचना

मिति २०७९/११/३० गते गोंगबुदेखि चावहिलसम्म जाँने क्रममा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : श्रेया जोशी
रजिस्ट्रेसन.नं.: ७७२७५१८३९
सिम्बोल.नं.: २२७१४०४५
ठेगाना.: टोखा-३, काठमाडौं
सम्पर्क: ९८१२३२५१४७

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RADIANCE BEAUTY SALON FOR LADIES

पुर्व स्वीकृति मिति २०७९/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१७ | LT No :276062 | चलानी नं. ६०१९१९६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Clipper And Cleaner | 0 | 2 | 140 | ५९,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser | 0 | 2 | 140 | ५९,०४० | | | | | | | |
| 3 | Massagist | 0 | 1 | 150 | ६३,२७० | | | | | | | |

कम्पनी : JUST MANOUCHEH RESTAURANT CO.

पुर्व स्वीकृति मिति २०७९/०५/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१७ | LT. No. 270290 | चलानी नं. ६०१८६२०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Chef | 2 | 0 | 200 | ८३,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Burger Cook | 6 | 0 | 150 | ६३,२७० | | | | | | | |
| 3 | Chef Assistant / Preparer | 10 | 0 | 120 | ५०,०५० | | | | | | | |
| 4 | Executive Chef | 1 | 0 | 250 | १०४,२७० | | | | | | | |
| 5 | Italian Chef | 1 | 0 | 200 | ८३,४१५ | | | | | | | |
| 6 | Pastry Chef | 2 | 0 | 200 | ८३,४१५ | | | | | | | |
| 7 | Sandwich Maker | 5 | 0 | 130 | ५४,२२० | | | | | | | |
| 8 | Sous Chef | 1 | 0 | 180 | ७५,०७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख २५ गते (8th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैँले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैँले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## महाराजा बचत तथा ऋण सहकारी संस्था लि.

Maharaja Saving and Credit Co-operative Ltd.

### महाराजा बचत तथा ऋण सहकारी संस्था लि. को भाखा नाघेको कर्जा बुझाउने बारे ३५ दिने जरूरी सूचना

यस संस्थाको तपसील बमोजिमका सदस्य व्यक्तिले निम्न उद्देश्यको लागि कर्जा लिई हाल सम्म कर्जा नबुझाई भाखा नाघि ऋण तिर्ने सम्बन्धमा संस्थासँग गरेको सम्झौता अनुसारको रकम बुझाउने सम्बन्धमा यस संस्थाले बारम्बार ताकेता गर्दा पनि आलटाल गरि बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा संस्थाले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा आई बुझाउनको लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन तथा संस्थाको ऋण लगानी तथा अशुली नीति दफा नं ८.१२ उपदफा ३ र ४ तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखिदिएको धितो ३६ औं दिन तपसील बमोजिमको धितो लिलामी तथा सकार प्रकृया अवलम्बन गरि संस्थाले आफ्नो लेना रकम अशुल गर्नेछ ।

**तपसील:**

| क्र.स. | ऋणीको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | उद्देश्य |
|---|---|---|---|---|---|
| १. | मैना कुमारी आले | लोक बहादुर आले | भुवन सिं आले | साविक नवलपरासी जिल्ला शिवमन्दिर गाविस वडा न.६, ठेगाना भई हाल कावासोती न.पा वडा नं.५ नवलपरासी ब.सु.पु. बस्दै आएको | व्यापार |
| २. | महेन्द्र भुजेल घर्ति | बुधे घर्ति | चन्द्र बहादुर घर्ति | साविक लमजुङ जिल्ला चिती गा.वि.स.वडा न.१ ठेगाना भई हाल कावासोती न.पा. वडा नं.५ नवलपरासी ब.सु.पु बस्दै आएको | व्यापार |
| ३. | तारा पोखरेल | कोमलनाथ पण्डित | लक्ष्मीनाथ पण्डित | साविक धादिङ जिल्ला ज्वालामुखी गा.वि.स वडा न.५ ठेगाना भई हाल देवचुली न.पा. वडा नं.१ नवलपरासी ब.सु.पु बस्दै आएको | व्यापार |

**लिलाम हुने धितो बिबरण क्रमश:**

| क्र.स | जग्गा धनिको नाम | धितो ठेगाना बिबरण | कि.नं. | क्षेत्रफल | लिलामी हुने न्युनतम रकम |
|---|---|---|---|---|---|
| १. | मैना कुमारी आले | साविक शिवमन्दिर गाविस वडा नं.६, ६क१, नवलपरासी, हाल कावासोती न.पा. ५, न.प.ब.सु.पु | १५३ | ०-०-१५-० | रु.२५,६०,०००।- |
| २. | प्रभा भुजेल | साविक शिवमन्दिर गाविस वडा नं.६, ६क, नवलपरासी, हाल कावासोती न.पा. ५, न.प.ब.सु.पु | ५३३ | ०-०-६.७५-० | रु.१५,४१,०००। |
| ३. | तारा पोखरेल पेमा शेर्पा | साविक सिसवार गाविस वडा नं.६, ६क, नवलपरासी, हाल देवचुली न.पा. १, न.प.ब.सु.पु | २०८९ | ०-०-८.२५-० | रु.६,८७,०००। |

**महाराजा बचत तथा ऋण सहकारी संस्था लि.**

कावासोती न.पा.२. नवलपरासी ब.सु.पु.

प्रभाव दैनिक

सोमबार, १८ वैशाख २०८० (Monday, May 1, 2023)





## 'दुई कदम'को ८० प्रतिशत छायांकन

उदय सुब्बाको निर्देशनमा निर्माण भइरहेको फिल्म 'दुई कदम'को ८० प्रतिशत छायांकन सकिएको छ । फिल्मको हाल पूर्वका धनकुटा, तेह्रथुमको वसन्तपुर, इलाम, झापा र धरानमा सुटिङ भइरहेको छ । दयाराम घिमिरेको कथा रहेको प्रेमकथात्मक फिल्ममा तारादेवी लिम्बूको निर्माण छ । अजम्बरी फिल्मस्को ब्यानरमा निर्माण भइरहको फिल्ममा गौरव पहारी, बुद्धि तामाङ, इओन लिम्बु, सिमोन गिरी, सुनिल थापा, अर्जुन गुरूङ 'भंगेरी', कविता आले मगर, विमला लिम्बु, चन्दा दाहाल, जीवन लिम्बु लगायतका कलाकारको अभिनय छ । व्यक्तित्व अम्बर गुरूङको स्मृति एवम् सम्मानमा गत वर्ष उक्त पुरस्कार स्थापना गरेको थियो ।



# चलचित्र पत्रकार संघले गऱ्यो सम्मान तथा पुरस्कार घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं** – चलचित्र पत्रकार संघ नेपालले यो वर्ष (२०८०)को चलचित्र पत्रकारिता सम्मान तथा पुरस्कार घोषणा गरेको छ । समीर बलामीको अध्यक्षतामा आइतबार बसेको बैठकले सम्मान तथा पुरस्कार निर्णय गरेको हो ।

संघले यो वर्ष (२०८०) को 'राष्ट्रिय चलचित्र पत्रकारिता सम्मान २०८० ' श्रीराम सिग्देल र तुलसी गिरी 'भावुक' लाई र 'राष्ट्रिय चलचित्र पत्रकारिता पुरस्कार २०८०' दीपज्योती थापा र कुबेर डंगोललाई दिने निर्णय गरेको छ । यो पुरस्कारको राशि जनही ५१ हजार रहेको छ ।




त्यस्तै यो वर्षको 'राष्ट्रिय चलचित्र पत्रकारिता प्रोत्साहन पुरस्कार २०८० ' सृष्टि पोखरेल र 'राष्ट्रिय मोफसल चलचित्र पत्रकारिता पुरस्कार २०८०' रवि अधिकारीलाई दिने निर्णय गरेको छ । प्रोसान पुरस्कारमा एउटा ल्यापटप र मोफसल पुरस्कारमा २५ हजार नगद रहेको छ ।

त्यस्तै संघले यसै वर्षबाट थपेको 'राष्ट्रिय चलचित्र पत्रकारिता रजत सम्मान २०८० ' शान्ति प्रियलाई दिने निर्णय गरेको छ । शान्ति प्रिय संस्थापक महासचिव तथा पूर्व अध्यक्ष पनि हुन् । रजत सम्मानमा ५५ हजार नगद राशि रहेको छ ।

बैठकले संघका पूर्व सदस्यहरूलाई मानार्थ सदस्य र चलचित्र पत्रकारिता गरिरहेका क्रियाशील चलचित्र पत्रकारहरूलाई साधारण सदस्यता वितरण गर्ने निर्णय गरेको छ । यसको लागि आफ्नो वेभसाईटमा सदस्यता फारम राखिएको जानकारी समेत संघमा महासचिव रघुनाथ सापकोटाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# चिरञ्जीवी सर्वोत्कृष्ट पप गायक

■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक चिरञ्जीवी भण्डारी सर्वोत्कृष्ट पप गायक घोषित भएका छन् । दशौं म्यूजिक खबर म्यूजिक अवार्डमा उनले 'त्यो दिन सम्झ' बोलको गीतबाट यो अवार्ड हात पारेका हुन् । बरिष्ट गायिका कोमल वली, कलाकार दीपाश्री निरौला, गायक बद्रि पंगेनी लगायतले उनलाई अवार्ड प्रदान गरे ।

गीतमा शब्द प्रतिमा गुरुङको रहेको थियो । भण्डारी नेपाली गीतसंगीतमा लामो समयदेखि सक्रिय छन् । उनका गीतसंगीत दर्शकश्रोता माझ लोकप्रिय हुने गर्छ । केहि पहिले उनको संगीत



तथा स्वर रहेको 'तिमि सँगै हुन' बोलको गीतले चर्चा पाएको थियो ।

पप, आधुनिक, भजन र पि:लर्मा गति गायनको अलवा संगीत समेत भने उनी भर्सटाईल गायकको रूपमा चिनिएका छन् । दर्जनौ अवार्ड जितिसकेका उनी अवार्डले अगाडि बढ्न थप प्रेरणा मिल्ने सुनाउछन् ।

मेला महोत्सव लगायतका स्टेज कार्यक्रममा पनि सबैजसो ब्यस्त हुने फिल्म 'रेलिमाई'को 'चट्टै मुटु' गीत गाएर दर्शक ल√याउने गर्छन् । उनका बिस्तारै बिस्तारै, तिमी सँगै हुन, मायालु तिमी मेरो, बदमाश, हरामी, सान्नानी, झ्याइ पुल्टुंग जस्ता गीत चर्चित छन् ।

# भैरव आर्यालको जीवनीमा आधारित 'भग्न भैरव'को लोकार्पण



■ प्रभाव संवाददाता

**काठमाडौं–** कुशल हास्य-व्यंग्यशिल्पी भैरव अर्यालको जीवनीमा आधारित 'भग्न भैरव' उपन्यास लोकार्पण गरिएको छ । लेखक प्रोल्लास सिन्धुलीयद्वारा लिखित भग्न भैरव काठमाडौंस्थित बत्तिसपुतलिको शिल्पी थिएटरमा लोकार्पण गरिएको हो ।

उपन्यासमा अर्यालको जीवनी र आख्यानलाई एकसाथ प्रस्तुत गरिएको छ । आफू रोएर पनि अरुलाई हसाउन सक्ने स्वभावका भैरव अर्यालको वास्तविक घटनामा आधारित रही पुस्तक लेखिएको लेखक सिन्धुलीयको भनाइ छ । कार्यक्रममा पत्रकार रोचक घिमिरेले हास्यव्यंग्य क्षेत्रमा भैरव अर्यालको अतुलनीय योगदान रहेको बताए । भैरव आर्यालले हास्यव्यङ्ग्य क्षेत्रमा लेख्नुभएका लेखमार्फत नेपाली साहित्य जगतले ठूलो फड्को मारेको उनको भनाइ छ ।

भैरव अर्यालसँग निकट सम्बन्ध भएका कारण पत्रकार घिमिरेले आफू यो स्थान सम्म पुग्न सहयोग मिलेको बताए । भैरव अर्याल र रमेश विकलका लेखमार्फत साहित्य क्षेत्रमा आफ्नो रुचि बढेको उनको भनाइ छ । भैरव अर्यालसँगको पहिलो भेटबाटै एक अर्का प्रति आकर्षित भएका कारण पनि साहित्य क्षेत्रमा केही सहजता पाएको उनले स्मरण गरे ।

कवियत्री ज्योती जंगलले आफूले प्रत्यक्ष देख्न भेट्न नपाए पनि पुस्तकमार्फत उनलाई नियाल्दा सकारात्मक धारणा पाएको बताए । पुस्तकमा उपन्यासको भाषिक लय लवज बाह्य आचरण पनि सुन्दर रहेको र पुस्तक नाट्य शैलिमा उत्कृष्ट ढंगले प्रस्तुत गरिएको उनको भनाइ छ । साहित्यकार नारायण ढकालले आफू भैरव अर्यालका छिमेकी रहेको भन्दै उनीसँग प्रभावित भइ नयाँ कुरा सिक्ने अवसर पाएको बताए ।

पुस्तकमा भैरव अर्यालको जीवनीका ७० वटा घटनाक्रम प्रस्तुत गरिएको छ । लेखक प्रोल्लास सिन्धुलीयले भग्न भैरव पुस्तक लेखनका क्रममा पत्रकार रोचक घिमिरेको ठूलो भूमिका महत्वपूर्ण रहेको बताए । उनले भैरव अर्यालसँग बिताउनुभएका कतिपय घटनाक्रम, कथावस्तु, प्रसङ्गमा प्रत्यक्ष सहभागिता र उल्लेखनीय सहयोग रहेको स्पष्ट पारे ।

## रंगशाला

एसिसी पुरुष प्रिमियर कप फाइनल

# नेपाल र युएई आज भिड्दै



■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिसी मेन्स प्रिमियर कपको फाइनलमा युएईलाई पराजित गरेर नेपाल पहिलो पटक एसिया कप खेल्ने लक्ष्यमा रहेको छ । सन् १९८४ बाट सुरु एसियाकपको १६ औं संस्करणको प्रतियोगितामा नेपाल पहिलो पटक सहभागीता जनाउने लक्ष्यमा रहेको छ ।

पहिलो सेमिफाइनलमा कुवेतसँगको खेल भारी वर्षाको कारण खेल रद्द भएपछि नेपाल समूह चरणमा गरेको प्रदर्शनको आधारमा फाइनलमा पुगेको हो । उता, युएईले दोस्रो सेमिफाइनल खेलमा ओमानलाई डीएल मेथडमा दुई रनले हराउँदै फाइनलमा स्थान बनाएको हो ।

नेपाल र युएईबीच २०१८ पछि भएको १३ खेलमा नेपाल सात तथा छ खेलमा जितेको छ । नेपाल र युएईबीचको पछिल्लो भेटमा नेपाल विजयी भएको थियो । सोमबार फाइनल खेल हुने त्रिवि मैदानमा नेपाल पछिल्लो १५ खेलदेखि अपराजित रहेको छ । युएईसँग त्रिवि मैदानमा भएको पछिल्लो चार खेलमा नेपाल अपराजित रहेको छ ।

युएई ब्याटरहरू पछिल्लो समयमा केही लयमा रहनु नेपालका लागि चुनौती हुनसक्छ । नेपालका बलरहरू त्यस चुनौतीलाई पन्छाउन तयार रहेका छन् । फाइनल खेल तय भएको सोमबार काठमाडौंमा वर्षा हुने सम्भावना छ । सोमबार खेल हुन नसकेको खण्डमा मंगलबार रिर्जभ डेको व्यवस्था गरिएको छ ।

तर, सोमबार र मंगलबार दुबै दिन वर्षाको कारण खेल हुन सकेन भने दुई सुपर ओभरबाट नतिजा निकाल्ने प्रयास हुनेछ । पहिलो सुपर ओभर बराबरी भएमा दोस्रो सुपर ओभर हुनेछ । तर, वर्षाको कारण सुपर ओभर पनि हुनसक्ने अवस्था नभएमा आइसिसीको एकदिवसीय अन्तराष्ट्रिय(ओडिआई) वरीयतामा माथि हुने टोली एसिया कपमा पुग्नेछ ।

आइसिसीको ओडिआई वरियतामा नेपाल १४ औं र युएई १९ औं स्थानमा छन् । खेल रद्द हुँदा नेपाल ओडिआई वरियताको कारण एसिया कपमा स्थान सुरक्षित गर्नेछ ।

एसिया कपमा स्थान बनाए नेपालले भारत र पाकिस्तानसँग खेल्न पाउनेछ । एसिया कपमा घरेलु टोली पाकिस्तान, भारत र प्रिमियर कप विजेता समूह ए मा तथा समूह बी मा बंगलादेश, श्रीलंका र अफगानिस्तान हुनेछन् । समूह चरणमा एक अर्कासँग खेलेपछि शीर्ष दुई टोली सुपर फोर खेल्नेछन् । शीर्ष दुई टोली फाइनल खेल्नेछन् । एसिया कप आगामी सेप्टेम्बरमा हुनेछ । एसिसी प्रिमियर कपको फाइनलमा स्थान बनाएसँगै युएई र नेपालले आगमी जुलाईमा हुने एसिसी इमर्जिङ टिम्स एसिया कपमा स्थान बनाएका छन् ।

आइतबार भएको तेस्रो स्थानको खेल बर्षाका कारण रद्द भएसँगै ओडिआई राष्ट्रको आधारमा ओमान विजेता बन्यो । विजेता बनेसँगै ओमानले एसिसी इमर्जिङ टिम्स एसिया कपमा स्थान बनाएको छ ।

# भारतविरुद्ध नेपाललाई सिरिज

**काठमाडौं (प्रस)–** दोस्रो नेपाल-भारत दुईदेशीय टी-ट्वान्टी दृष्टिविहीन महिला क्रिकेट सिरिज नेपालले जितेको छ ।

तल्लो मुलपानी क्रिकेट मैदानमा आइतबार सिरिजको पाँचौं तथा अन्तिम खेल वर्षाको कारण रद्द भएपनि नेपालले ५ खेलको सिरिज ३-१ ले जितेको हो । वर्षाको कारण खेल १० ओभरमा झारिएको थियो । नेपालले १० ओभरमा ८२ रन बनाउन सफल भएको थियो । तर, वर्षाको कारण दोस्रो इनिङ नभएपछि खेल रद्द भएको हो ।



सिरिज जितेसँगै नेपालले ८५ हजार नगद प्राप्त गरेको छ । भारतले ५१ हजार पाएको छ । सिरिजमा बी १ क्याटेगोरीतर्फ भारतकी सिमु दास, बी २ तर्फ नेपालकी मनकेशरी चौधरी र बी ३ तर्फ नेपालकी विनिता पुन प्लेयर अफ द सिरिज चुनिए । उनीहरूले जनही १० हजार प्राप्त गरे ।

यस्तै विगत १७ वर्ष देखि क्रिकेट खेल्दै आएकी नेपालकी राष्ट्रिय कप्तान भगवती भट्टराई वरालले कप्तानबाट सन्यास लिएकी छिन् । उनलाई विषेश सम्मान गरिएको थियो ।

पोखरा स्पोर्टस् अवार्ड

# मर्सानीलाई 'लाइफ टाइम अचिभमेन्ट' अवार्ड

**पोखरा (प्रस)–** सातौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डअन्तर्गतको ' लाइफ टाइम अचिभमेन्ट अवार्ड' बक्सिङका वरिष्ठ प्रशिक्षक विद्याप्रसाद मर्सानीलाई प्रदान गरिने भएको छ । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले मर्सानीलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लासहित सो अवार्ड प्रदान गरिने जनाएको छ । अवार्डका लागि गठन गरिएको प्रतिभा छनोट उपसमितिले गरेको सिफारिसको आधारमा ३५ वर्ष प्रशिक्षक भएर खेलकुदमा योगदान गरेका मर्सानीलाई अवार्ड प्रदान गर्न लागिएको हो ।

पोखरा स्पोर्टस् अवार्ड यही वैशाख २३ गते हुँदैछ । सोही समारोमा उनलाई अवार्ड प्रदान गरिने मञ्चका अध्यक्ष दीननाथ बरालले बताए । नेपाली खेलकुदको विकासमा योगदान पुऱ्याउने अग्रज व्यक्तित्वलाई सो अवार्ड प्रदान गर्ने गरिएको छ ।

मर्सानीले गण्डकी प्रदेश र नेपालकै बक्सिङ खेललाई माथि पुऱ्याउन तथा खेलको विकास र विस्तार गर्न योगदान गरेका छन् । यसअघि अग्रज खेलकुदकर्मी कृष्ण थापा, खड्कबहादुर रानाभाट, डा वीरेन्द्रसिंह गुरुङ, चित्रबहादुर गुरुङ, आनन्द रञ्जित र गणेशबहादुर भट्टराईले यो विधाअर्न्तगको पुरस्कार पाएका छन् ।

